मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## एमाले निर्वाचन समितिमा मकवानपुरका दाहाल

हेटौंडा/नेकपा एमालेको विधान महाधिवेशनले चयन गरेको निर्वाचन समितिमा मकवानपुरका बाबुराम दाहाल सदस्य चयन भएका छन् ।

बरिष्ठ अधिवक्तासमेत रहेका दाहाल एमाले निर्वाचन समितमा चयन भएका हुन् । एमालेले १५ सदस्यीय आन्तरिक निर्वाचन आयोग बनाएको हो । आयोगको अध्यक्षमा बिजय सुब्बा रहनु भएको छ । दाहाल तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीका कानून बिज्ञ समेत थिए । आयोगको सदस्यलाई एमालेको केन्द्रीय सदस्य सरह मानिने व्यवस्था छ ।

आयोगको सदस्यहरुमा महेश नेपाल, डाक्टर कुन्साङ लामा, रन्जु ठाकुर, हेमकला गैरे, टंक उप्रेती, सानुराज पोखेल, लोक बहादुर थापा, रिता सिंखडा, बिमला बिक, केशबलाल चौधरी, पवित्रा निरौला र सुमित्रा डिसी चयन भएका छन् ।

# अटो चालकको मनोमानीले हैरान, स्थानीय सरकार निरीह

साझाकुरा संवाददाता



हेटौंडा/हेटौंडा बजार को क्षेत्रफल साँघुरो छ । नगरको कुल क्षेत्रफलमा हेटौंडा ठूलो भएपनि बजारको दृष्टिकोणले सानो छ ।

बजारका साँघुरा गल्ली देखि सडकसम्मै अटो र मयुरी प्रशस्त भेटिन्छन् । हेटौंडाको क्षमता भन्दा बाहिर यहाँ विशेषत: अटो सञ्चालित छन् । हेटौंडा उपमहानगरपालिकाले केही वर्षअघि अटो निश्चित संख्या निर्धारण गर्न खोजेको पनि थियो । तर, एउटा स्थानीय सरकार नै अटो चालकहरुसँग निरीह बन्न पुग्यो । अटोको संख्या निर्धारण मात्र हैन, बजारमा ट्राफिक व्यवस्थापन नै धवस्त बनाएको अटो सवारी नियन्त्रणमासमेत उपमहानगरको क्षमता देखिएको छैन् ।

बजारका मुख्यदेखि भित्री सडकसम्म अटोका स्वघोषित पार्क छन् । अटो चालकले जता मनलाग्यो त्यतै पार्किङ गर्नेदेखि सडकको बीचबाटै घुमाउने गरेका छन् । अटो चालकको मनोमानीका कारण दुर्घटनाको जोखिम त बढेकै छ, सँगसँगै अटोमा यात्रा गर्ने यात्रुपनि हैरान हुँदै आएका छन् । अटो चालकहरुले आफ्नै रेटमा भाडा लगाएका छन् । निश्चित भाडा कायम गर्न असक्षम उपमहानगरका कारण सर्वसाधारणले दु:ख व्यहोर्नु परिरहेको गुनासो पुरानो भइसक्यो । यसअघि उपमहानगरले निर्धारण गरेको भाडा दर हालसम्म पनि कार्यान्वयनमा आएको छैन् ।

उपमहानगरको वेवास्था र अटो चालकको मनोमानीले सर्वसाधारण यात्रुले पाइलैपिच्छे कष्ट व्यहोर्नु परेको गुनासो आएको छ । अटो चालकले आफ्नै हिसाबले भाडा राख्दै आएको स्थानीय व्यापारी डम्बरप्रसाद न्यौपाने बताउँछन् । 'मसँगै बिहान पसल खोल्न आउँदा अटो चढ्छु । बेलुका घर जाँदा पनि अटो नै हो । तर, एकदिनमै अटोले फरक-फरक भाडा लिँदै आएका छन् । हामीले गुनासो गरेको पनि कसैले सुन्दैन् ।,' उनले सुनाए ।

जिल्ला ट्राफिक प्रहरी प्रमुख प्रहरी इन्स्पेक्टर प्रकाश पाण्डेले जनशक्ति अभावकै कारण ट्राफिक व्यवस्थापन गर्न नसकेको बताएका छन् । उनले अटोको संख्या वृद्धि भइरहेपनि सडक कहिल्यै फराकिलो नभएको र जनशक्ति अभावले समस्या भइरहेको बताए । 'हेटौंडामा २०५२ सालमै बनेको सानो सडक अहिलेसम्म उस्तै छ । फराकिलो सडक कहिल्यै बन्दैन् । अटोहरु थपिए धेरै । हामीसँग जनशक्ति पनि थोरै छ । ट्राफिक व्यवस्थापन गर्न नसक्नुको प्राविधिक कारण सबैले बुझिदिनु पर्छ जस्तो लाग्छ ।,' पाण्डेले भने ।

जिल्लाभरी ११ वटा ट्राफिक बिट रहेको र जसमा ३३ जना प्रहरीले सम्हाल्दै आएको उनको भनाई छ । उनले उपलब्ध जनशक्ति परिचालन गरेरै हेटौंडासहित जिल्लाभर ट्राफिक व्यवस्थापनलाई चुस्तदुरुस्त बनाउने प्रयासमा लागेको बताए । उनले जनशक्ति बढाउन गरेको अनुरोधपनि कसैले नसुनेको गुनासो गरे । इन्स्पेक्टर पाण्डेले आफू मकवानपुर आएदेखि हेटौंडाको मानसचोक, पारिजातपथ, अजर अम्मर रोड, मेनरोड स्कुलरोड लगायतका बजार क्षेत्रमा ट्राफिक व्यवस्थापनलाई बलियो बनाएको दावी गरे । उनले मकवानपुरमा विगतमा भन्दा राजस्व संकलनमा वृद्धि र दुर्घटनामा कमी आएको दाबी गरेका छन् ।

अटो चालकको मनोमानी र हेटौंडाको ट्राफिक व्यवस्थापनबारे बुझ्न हेटौंडा उपमहानगरपालिकाका प्रवक्तालाई फोन गर्दा सम्पर्क हुन सकेन् । हेटौंडामात्र नभई मकवानपुर गढी, भीमफेदी, मनहरी गाउँपालिकामा पनि अटो सञ्चालनमा छन् ।

यी गाउँपालिकाभित्र सञ्चालित अटोहरुले पनि मनोमानी भाडा लिँदै आएको गुनासो प्राप्त भएको छ । मकवानपुरगढी गाउँपालिकामा चल्ने अटो चालकहरुले पनि मनोमानी भाडा लिएका छन् । गाउँपालिकाभित्र चल्ने तीन पाङ्ग्रे सवारी अटोले मनलाग्दी भाडा असुल्न थालेपछि सर्वसाधारण यात्रुहरु मार्कामा परेका हुन् ।

विगतमा हेटौंडादेखि ५ नम्बर वडाको धादिङ, भालुखोला गएको भाडा ५० रुपैयाँ थियो । हाल, अटो चालकहरुले तेलको मुल्य बढेको भन्दै भाडा दोब्बर बनाएका छन् । भाडा बढाउन कसैको अनुमति नचाहिने, गाउँ सरकारले पनि नागरिकको समस्या नसुन्ने गरेको भन्दै चर्को भाडा तिर्दै आएका यात्रु निराश भएका छन् । अटो चालकहरुले आफ्नै हिसाबले भाडा निर्धारण गरेर स्थानीय यात्रुहरुसँग असुल्दै आएका छन् । गाउँपालिका केन्द्र मक्राञ्चुलीदेखि हेटौंडासम्म अटो व्यवसायीहरुले प्रतिव्यक्ति पचासदेखि एकसय रुपैयाँ भाडा लिने गरेका छन् ।

## कोरोना संक्रमितको संख्या १५ हजार नाघ्यो

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरमा कोरोना संक्रमितको संख्या १५ हजार नाघेको छ । सोमबार थप ८ जनामा कोरोना संक्रमण पुष्टि भएसँगै संक्रमितको संख्या १५ हजार २ सय ६४ पुगेको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

संक्रमित मध्ये हालसम्म १४ हजार ९ सय १० जना कोरोना संक्रमणमुक्त भइसकेका छन् । पछिल्लो २४ घण्टामा थप ४ जना संक्रमणमुक्त भएका छन् । संक्रमणमुक्त हुनेमा हेटौंडा उपमहानगरपालिकाका २ जना, थाहा नगरपालिका र कैलाश गाउँपालिकाका एक/एक छन् ।

जिल्लामा हालसम्म कोरोना संक्रमणका कारण मृत्यु हुनेको संख्या एक सय ६५ जना पुगेको छ । समेबार थप एक जना कोरोना संक्रमितको मृत्यु भएसँगै मृतकको संख्या १ सय ६५ पुगेको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । सोमबार संक्रमणका कारण हेटौंडाका एक जनाको मृत्यु भएको हो ।

जिल्लामा हालसम्म हेटौंडाका एक सय १७ जना, थाहा नगरपालिकाका ९ जना, मकवानपुर गढीका ५ जना, बागमतीका ४ जना, कैलाशका २ जना, मनहरीका १४, भीमफेदीका ७, बकैयाका ५ जना र राक्सिराङ गाउँपालिकाका २ जनाको मृत्यु भएको छ । जिल्लाको इन्द्रसरोवर गाउँपालिकामा भने कोरोना संक्रमणका कारण हालसम्म कुनैपनि व्यक्ति मृत्यु नभएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ ।

पछिल्लो २४ घण्टामा ६५ जनाको पीसीआर र एन्टीजेन परीक्षण गर्दा उनीहरुमा कोरोना संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । स्वास्थ्य कार्यालयका अनुसार, पछिल्लो २४ घण्टामा ४६ जनाको पीसीआर परीक्षण गर्दा ७ जनामा र १९ जनाको एन्टीजेन परीक्षण गर्दा एक जनामा संक्रमण पुष्टि भएको हो । संक्रमण पुष्टि हुनेमा हेटौंडा उपमहानगर पालिकाका ७ जना र मनहरी गाउँपालिकाका एक जना रहेका छन् ।

## राजमार्गमा चाडपर्व लक्षित सडक मर्मत



हेटौंडा/आउँदै गरेको दसैंलगायत चाडपर्वमा यात्रुलाई आवतजावतमा सहजता पुऱ्याउने उद्देश्यले तीन जिल्लाका राजमार्गका खाल्डाखुल्डी मर्मतसम्भारको काम सुरु गरिएको छ ।

मकवानपुर, बारा र पर्सामा सडक मर्मतसम्भारको काम सुरु गरिएको सडक डिभिजन कार्यालय हेटौंडाका कार्यालय प्रमुख खड्गलाल श्रेष्ठले जानकारी दिए । बाराको धनसारदेखि पथलैयासम्म, मकवानपुरको हेटौंडाहुँदै लोथरसम्म र हेटौंडाको भैंसेहुँदै मकवानपुरको दामचौरका विभिन्न क्षेत्रमा सडकका खाल्डाखुल्डी मर्मतसम्भारको काम अघि बढाइएको हो ।

सडक डिभिजन कार्यालय हेटौंडाको कार्य क्षेत्र मकवानपुर, बारा र पर्सा पर्दछ । संघीय सरकारको करिब एक करोडको लागतमा सडक मर्मतको काम सुरु गरिएको सो कार्यालयले जनाएको छ । आगामी १० दिनभित्र सडक मर्मतको काम सकिने योजना रहेको कार्यालयका इञ्जिनियर लोमश उपाध्यायले जानकारी दिए । साथै कार्यालयले अन्य सडक र पुल निमार्ण तथा मर्मतको कामसमेत जारी राखेको जनाएको छ ।

यसैबीच बारा र पर्सा गरी दुई जिल्लामा गत आव ०७७/०७८ मा आठ पक्की पुल निर्माण सम्पन्न भएका छन् । त्यसमध्ये बारामा चार र पर्सामा चार पुल निर्माण भएका हुन् । (रासस)


## ३० बर्षीय युवा मृत भेटिए

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडामा सोमबार बिहान ३० बर्षीय एक युव मृत अवस्थामा भेटिएका छन् ।

सोमबार बिहान हेटौंडा उपमहानगरपालिका-९ स्थित ३० बर्षीय समशेर बानियाँ मृत भेटिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । उनी हेटौंडा आद्योगिक क्षेत्रको बिस्कुट फ्याक्ट्रिमा कार्यरत् रहेको प्रहरीको अनुसन्धानबाट खुलेको छ ।










| SN | AREA | SN | AREA |
|---|---|---|---|
| 1 | 0-0-14.75 | 15 | 0-0-12.00 |
| 2 | 0-0-11.50 | 16 | 0-0-11.25 |
| 3 | 0-0-11.75 | 17 | 0-0-10.50 |
| 4 | 0-0-11.00 | 18 | 0-0-10.00 |
| 5 | 0-0-10.75 | 19 | 0-0-10.50 |
| 6 | 0-0-10.75 | 20 | 0-0-11.00 |
| 7 | 0-0-11.25 | 21 | 0-0-11.25 |
| 8 | 0-0-11.25 | 22 | 0-0-12.00 |
| 9 | 0-0-10.75 | 23 | 0-0-12.25 |
| 10 | 0-0-9.50 | 24 | 0-0-12.00 |
| 11 | 0-0-9.25 | 25 | 0-0-12.00 |
| 12 | 0-0-9.25 | 26 | 0-0-12.00 |
| 13 | 0-0-11.00 | 27 | 0-0-12.50 |
| 14 | 0-0-12.00 | 28 | 0-0-12.25 |
| | | 29 | 0-0-16.00 |

**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*

***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Medical Officer | 1 | Min Rs. 35000 | MBBS |
| 2 | Nursing Officer | 1 | 18000-25000 | BN/BSc Nursing |
| 3 | Staff Nurse | Few | 14000-18000 | PCL Qualifications |
| 4 | CMA/ANM | Few | Upto 14000 | TSLC |
| 5 | Administration | 1 | 18000-250000 | BBS Completed |
| 6 | Receiptionist | Few | Negotiable | Literate |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae within 10 days of the first publication of this notice.

साझाकुरा

## हाम्रो कुरा

# बहसमै सीमित

२०३३ सालअघि नेपालमा लागूऔषध गाँजा खेती बैधानिक थियो । त्यसबेला कानुनसम्मत् नेपाली जनताले अनुमति लिएर गाँजा खेती गर्दथे र बिदेश निर्यातमा सरकारले जोड दिएको थियो । राजनीतिक परिवर्तनसँगै कानुनसम्मत्नै गाँजा खेतीमा रोक लगाइयो । करिब ४० वर्षपछि नेपालमा फेरि गाँजा खेतीलाई बैधानिकता दिइनुपर्दछ भन्ने बहस सुरु भएको छ । संघीय संसदमा सांसदहरु बिरोध खतिवडा, शेरबहादुर तामाङ र बागमती प्रदेश संसदमा सांसद केशव स्थापितले यो बहसलाई अघि बढाएका हुन् । तर, संसदमा छलफलनै अघि बढ्दा विविध क्षेत्रमा यो विषय बहसमै सीमित छ ।

विकल्पसहित गाँजा खेती अन्त्यका लागि धेरै चर्चा र लगानी हुँदै आइरहेको बेलामा फेरि वैधानिक गाँजा खेतीको बहस सुरु भएको हो । २०७६ साल फागुन १९ गते संघीय संसदको प्रतिनिधिसभामा केही सांसदहरुले गाँजा खेती नियमन र व्यवस्थापन गर्नका लागि विधेयक नै दर्ता गरेपछि यसबारे चर्चा चुलिएको थियो । संघीय संसदमा विधेयक दर्ता भएपछि बागमती प्रदेशसभामा पनि विधेयक दर्ता गरियो । विधेयकका बारेमा शनिबार सरोकारवालाबीच भएको भर्चुअल छलफलका सहभागीहरुले औषधीय प्रयोजनका लागि कानुनीरुपमा नियमन र नियन्त्रणसहित गाँजा खेती र बिक्री गर्न सुझाएका हुन् । नेपालमा गाँजा खेती, यसको बेचविखन तथा सेवन कानुनीरुपमा वर्जित गरिएको छ । गाँजा खेतीका लागि नेपालको हावापानी अनुकूल भए पनि गाँजा खेती गरिएको थाहा पाएमा प्रहरी प्रशासनले नष्ट गर्ने गरेको छ । लागूऔषधको रुपमा लिइने गाँजामा औषधीय गुणसमेत हुने हुँदा कतिपय देशले यसको उत्पादनलाई बैधानिकता दिएको पाइन्छ । खेती, प्रशोधन, बिक्री तथा उपयोगलाई नियमन गर्न सकेमा यसबाट ठूलो आर्थिक उपार्जन हुने सम्भावना भए पनि गाँजालाई लागूऔषधको रुपमा प्रयोग गरिँदा त्यसले समाजलाई नकारात्मक असर पारिरहेको छ । मनोरञ्जन प्रयोजनका लागि गाँजामाथिको बन्देज कायम राख्दै औषधीय प्रयोगको लागि उचित ऐन, नियमावली बनाएर गाँजा खेती गर्न सकिने देखिन्छ ।

गाँजालाई बहुउपयोगी वनस्पतिको रुपमा लिएर निश्चित मापदण्डसहित यसको खेती गर्न सकेमा ग्रामीण क्षेत्रका विपन्न किसानको आर्थिक उन्नयनमा टेवा पुग्ने छ । गाँजा खेतीलाई बैधानिकता दिने बहस गर्दै गर्दा अहिले अन्य कृषि उत्पादनको क्षेत्रमा जस्तै वास्तविक किसानले उचित मूल्य नपाउने र बिचौलियाले मात्र धेरै नाफा लिने अवस्था आउन दिनुहुन्न । लागूऔषधलाई प्रतिबन्धित गर्ने अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुसार सरकारले विगतमा बनाएका कानुनलाई परिमार्जन गर्दै कानुनी मान्यतासहितको व्यवस्थित गाँजा खेतीले मुलुकको आर्थिक समृद्धिमा टेवा पुग्ने पर्याप्त आधार छन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ असोज २० गते बुधबार ६ अक्टोबर २०२१ । असोज कृष्ण पञ्चमी । ञंलागा पञ्चमी ११४१ । सूर्योदय ५:५८ र सूर्यास्त ५:४५ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुबाट मुक्त | तुला | : प्रेममा सफलता |
| वृष | : मिष्ठान्न भोजन | वृश्चिक | : आफन्तजन भेट |
| मिथुन | : आलश्यता | धनु | : भित्रजन भेट |
| कर्कट | : सुख प्राप्ति | मकर | : धन प्राप्ति |
| सिंह | : यात्राको योग | कुम्भ | : धन नष्ट |
| कन्या | : अध्ययनमा बाधा | मीन | : शुभ कार्यको थालनी |

# हामी मृत शिक्षा पढाइरहेका छौं !



विश्वरसिंह मेवाहाङ

६ महिनादेखि बन्द भएका शैक्षिक संस्था असोजको पहिलो हप्ताबाट खुले । म विराटागरको एक निजी कलेजमा कक्षा ११ मा अंग्रेजी पढाउने जिम्मेवारीमा पनि छु । लामो बिदापछि कक्षा कोठा छिर्ने मौका आयो । भर्खरै एसईई पार गरेर भर्ना भएका विद्यार्थीहरुमा जोश, जाँगर, उत्साह र उमङ्ग त थियो नै, उनीहरुको अनुहारमा भविष्यको उज्यालो किरण पनि झल्कन्थ्यो । मैले सुरुकै दिनमा पहिला उनीहरुको भविष्यको लक्ष्यबारे सोधेँ ।

म त्यतिबेला यति अवाक भएँ कि एकाध विद्यार्थीबाहेक सबैजसोको लक्ष्य विदेश जाने रहेछ । जापान, अष्ट्रेलिया, अमेरिका, क्यानाडा, युरोप जाने लक्ष्य सुनेपछि मेरो मथिंगल तीन फन्को घुम्यो । तर, आफ्नो मनोदशा उनीहरुलाई थाहा दिइनँ । केहीले विदेश जानैपर्ने आफ्नो तर्क पनि पेश गरे । एक जनाले भने, 'सर' यो देशमा पढेर न जागिर पाइन्छ, न कुनै स्वरोजगार नै गर्न सकिन्छ । विदेशमा त भाँडा माझेर पनि जीवन चलाइन्छ ।' अर्कोले थपे, 'हाम्रो देशको नेताहरु नै खत्तम छ । सबै भ्रष्टाचार मात्र गर्छ । यो देश हाम्रो पालामा बन्नेवाला छैन ।'

विद्यार्थीका अनेकौं गुनासा थिए । 'प्लस टु जेनेरेसन'मा राज्यप्रति किन यति विघ्न निरासा छाएको होला भन्ने सम्झेर मन चस्स घोच्यो । भर्खर एसईई सकेका कलिला मस्तिष्कमा समेत राज्यप्रति भरोसा नहुनु निकै ठूलो दुर्भाग्य हो । यसका सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, शैक्षिक आदि थुप्रै कारण हुन सक्छन् । एउटा शिक्षकको हैसियतमा मैले विद्यार्थीमा देखिएको विदेशमोहबारे आफ्नो मथिंगल निकै घुमाएँ ।

२०४७ सालमा म कक्षा ३ मा पढ्थेँ । नेपाली किताबमा एउटा कविता थियो, जसलाई म कहिल्यै बिर्सन सक्दिनँ–

*नेपाल नेपाल शीरभरी मुटुभरी माया*
*जहाँ जान्छु म नेपाली मेरै देशको छाँया*
*बादलको माथि माथि डाँडामाथि घर*
*वीर जति नेपालीलाई कहाँ कसको डर*
*हिमाले छुने आकाश पुग्छु सुन फुल्ने फाँट*
*अझै नेपाल स्वर्ग बन्छ गरौं सबले आँट*
*(दैवराज न्यौपाने)*

सात आठ वर्षे कलिलो दिमागमा यस कविताले राष्ट्रियतासम्बन्धी पारेको अमिट छाप आजका कुनै नेताले दिएको भाषणभन्दा गहिरो थियो । त्यसैगरी कक्षा ४ मा राखिएको 'किसानको रहर' कविता, कक्षा ५ मा राखिएको 'नालापानीको कथा' कविताले त्योबेलाको बालबालिकाहरुको मस्तिष्कमा पारेको राष्ट्रप्रेमको प्रभावको तौल अतुलनीय वजनदार थियो । 'नालापानीको कथा'ले त यति प्रभाव पारेको थियो कि हामी 'टिफिन टाइम'मा विद्यालय नजिकैको बारीको अग्लो ढिस्कोलाई नालापानीको किल्ला बनाएर 'डेमो' युद्ध लड्थ्यौं । बाँसको भाटा र घोचाका टुक्राहरुलाई नक्कली खुँडा, खुकुरी, तरवार बनाएर युद्धको नक्कल गर्दै खेल्दा सामान्य चोटपटक पनि लाग्थ्यो । लुगा च्यातिन्थे । तर, दुश्मन पक्ष (अंग्रेज पक्षका साथीहरू) लाई लखेट्दा सारै आनन्द आउँथ्यो । कक्षा ५ को सामाजिक किताबमा जनकपुर चुरोट कारखाना, बाँसबारी छाला जुत्ता, हेटौँडा कपडा उद्योग, विराटनगर जुट मिल, उदयपुर सिमेन्ट, भृकुटी कागज कारखाना आदिको परिचयात्मक पाठ थियो । आफ्नो देशमा पनि ठूला ठूला उद्योग रहेछ भनेर गौरव लाग्थ्यो । कक्षा ४ मा कृष्णचरित्र र कक्षा ५ मा रामायणको कथा पढाइ हुन्थ्यो । त्यो बेलाको पाठ्यक्रमले तत्कालीन समयमा आफ्नो मौलिकतालाई पहिलो प्राथमिकतामा राखेको थियो । भलै मुलुकले विश्व विकासको अनुपातमा समृद्धि हासिल गर्न सकेको थिएन । तर, बालबालिकामा राष्ट्रिय भावनाको कमी दिइएको थिएन ।

म अहिले सम्झन्छु, एसएलसी सकेर प्रमाण पत्र तहमा भर्ना हुँदाको हाम्रो पुस्ता विदेश जाने चाहना सायदै गर्थ्यो । त्योबेलाको पाठ्यक्रम र शैक्षिक प्रणालीले देशको तत्कालीन आवश्यकता अनुसारको वैज्ञानिक र प्राविधिक शिक्षाको आपूर्ति गर्न सकेन होला । तर, भविष्यको कर्णधार बालबालिकामा राष्ट्र र राष्ट्रियताको भावना जागृत गराउन सफल थियो । २०५४ सालसम्मै अंग्रेजी किताबमा समेत 'राजाको भनाइ' र 'हाम्रो भनाइ' नेपाली भाषामा नै हुन्थ्यो ।

कुनै पनि देशको शिक्षा प्रणाली त्यो देशको अल्पकालीन र दीर्घकालीन जनशक्तिको आवश्यकता पुर्ति गर्न सक्षम हुनुपर्छ । सबै देशको शिक्षा प्रणाली एकै प्रकारको नहुन सक्छ । सामाजिक बनोट, धार्मिक मान्यता, सांस्कृतिक मूल्य, आर्थिक एजेण्डा र आधुनिक प्रविधिको विकासको आधारमा उक्त देशको शिक्षा प्रणाली निर्धारण हुन्छ । हाम्रो देशको प्रमुख समस्या भनेको हामीले हाम्रो आवश्यकता, चाहना र देशको माटो सुहाउँदो शिक्षा प्रणाली विकास गर्न सकेनौं । दुई चार वटा विदेशी शिक्षा प्रणालीलाई मिसमास पारेर 'हाइब्रिड' प्रणालीको विकास गरियो । फलत: अहिलेका बालबालिकामा देशप्रतिको झुकाव र लगाव दुवै न्यूनतम विन्दुभन्दा तल झर्न थालेको छ ।

जुन शिक्षाले देशप्रति मोह जगाउन सक्दैन, त्यो शिक्षा नभएर 'अशिक्षा' हो । हामीले जानी नजानी दुई अक्षर चिन्ने र बुझ्ने बनाएकाहरु जब केही सीप हासिल गर्छ, विदेश पलायन हुने एक मात्र सपना देख्छ । त्यो देशको भविस्य के होला ? जनता देशमा बस्न मन नगर्ने, राज्यले जनतालाई राख्न नसक्ने अवस्था आउनुमा हाम्रो शिक्षा प्रणालीको नै दोष हो । यो प्रक्रियाको निरन्तरता धेरै वर्ष कायम भयो भने मुलुक असफलतातिर जान्छ । त्यसैले हाम्रो शिक्षा प्रणालीको नीतिगत, संरचनागत र उद्देश्यगत पक्षको विनिर्माण जरुरी छ ।

नेपालमा शिक्षा प्रणालीको संस्थागत विकास आजभन्दा ५० वर्षअघि मात्र सुरु भएको हो । नयाँ शिक्षा (२०२८) भनेर देशव्यापी लागू गरिएको यो शैक्षिक व्यवस्थाले मुलुकमा पहिलो चोटि संरचनागत र उद्देश्यगत हिसाबले शिक्षा प्रणालीलाई एकीकृत गऱ्यो । हाल देशमा बहाल अधिकांश प्रशासक र राजनीतिज्ञहरु यही शिक्षा प्रणालीको उत्पादक हुन् । नयाँ शिक्षा प्रणालीको पहिलो प्राथमिकता राष्ट्रिय भावनाको विकास गर्नु र दोश्रो प्राथमिकता आवश्यक दक्ष जनशक्ति उत्पादन गर्नु थियो । मुलुकमा शिक्षा जगतको कायपलट यही शिक्षा प्रणालीबाट भयो ।

**शिक्षाको व्यापारीकरण र राष्ट्रियताको स्खलन**

२०४६ सालको जनाअन्दोलनले पञ्चायती व्यवस्थाको अन्त्य गरेसँगै पञ्चायती शिक्षा प्रणालीको पनि अन्त्य भयो । तत्कालीन सरकारले लिएको उदार अर्थतन्त्रको नीति अनुरुप निजी विद्यालयहरु च्याउ उम्रेसरी खुल्न थाले । निजी विद्यालयहरुको आधारभूत मान्यता भनेकै मुनाफा हो । त्यसको लागि उसले व्यापार गर्नैं पर्छ । शिक्षाको व्यापारीकरणले सस्तो प्रतिस्पर्धाको सिर्जना गऱ्यो, जहाँ राष्ट्र, राष्ट्रियता, संस्कार, संस्कृतिभन्दा पनि पैसाको तौलसँग शिक्षालाई सटही गरियो । व्यापारमा राष्ट्रियता र नैतिकताको स्थान स्वभावैले गौण भइहाल्छ । उदार अर्थनीतिको सबैभन्दा नकारात्मक प्रभाव शिक्षा प्रणालीमा पऱ्यो । शिक्षालाई उपभोक्तावादी नजरले मात्र हेर्न थालियो । शिक्षामा मुनाफाखोरहरुको लगानी भयो । उनीहरुले प्रत्यक्ष र परोक्ष रुपमा पाठ्यक्रम निर्माणको केन्द्रीय तहमा प्रभाव पार्न थाले । अनि राष्ट्रियताविहीन पाठ्यक्रम निर्माण भयो । नेपालभन्दा विदेश राम्रो, किसानभन्दा स्टोरकिपर राम्रो, रामको कथाभन्दा जिसस क्राइस्टको कथा राम्रो, गुरु पूर्णिमा भन्दा 'टिचर्स डे' राम्रो भन्ने छाप बालबालिकामा पर्न थाल्यो । विशेष गरेर निजी विद्यालयमा पढ्नेहरुलाई बुद्ध जयन्ती थाहा हुन्न, तर क्रिसमसको लागि चुच्चे टोपीको व्यवस्था एक हप्ताअघि नै भइसकेको हुन्छ ।

२०६१ सालदेखि सामुदायिक विद्यालयमा समेत कक्षा १ देखि नै अंग्रेजी विषयलाई अनिवार्य गरेपछि अलिअलि बचेखुचेको मौलिकता र राष्ट्रियता शून्यमै झरेको छ । भाषा भनेको 'अंग्रेजी मात्र हो' जस्तो व्यवहार राज्यबाटै भयो । राज्यले सामुदायिकलाई निजी विद्यालयसँग प्रतिस्पर्धा गराउन अंग्रेजी भाषालाई 'हतियार' बनायो । निजी विद्यालयसँग राज्यले प्रतिस्पर्धा गर्नुपर्ने अवस्था आएपछि शिक्षा प्रणाली असफलतातिर नै जाने हो ।

जसले अंग्रेजी फरर बोल्न जान्दछ ऊ नै सर्वोत्कृष्ट व्यक्ति हो, अंग्रेजी बोल्न नजान्नेहरु त 'गँवार' हुन् भन्ने गहिरो छाप छ । अंग्रेजी भाषालाई शिक्षाको गुणस्तरको मापक बनाइयो । विद्यार्थी, शिक्षक र विद्यालयको स्तरीयता मापन गर्ने माध्यम बनाइयो । अनि, सामुदायिक विद्यालयहरु पनि सकिनसकी अंग्रेजी माध्यममा पढाउन थाले । नैतिक शिक्षा र सामाजिक विषयसमेत अंग्रेजी भाषामा पढाउन पर्ने भएपछि नेपाली मौलिक संस्कार, संस्कृति र पहिचान त कोमामा नै पुग्यो । व्यापक विरोधका बाबजुद यहि शैक्षिक सत्रदेखि उल्लिखित दुई विषय नेपाली भाषामा नै पढाउनु पर्ने निर्देशन सरकारले जारी गरेको छ ।

भाषामा संस्कार र संस्कृति अन्तर निहीत हुन्छ भन्ने भाषा विज्ञानले स्वीकारेको छ । नेपाली भाषालाई त्यागेर अंग्रेजी अंगिकार गरेपछि अंग्रेजी संस्कार पनि भाषासँगै भित्रिने भयो । बालबालिकामा नेपाली मौलिक संस्कारभन्दा पश्चिमी संस्कार राम्रो लाग्ने र प्यारो लाग्ने भयो । अर्कोतर्फ बालबालिकाको लागि अंग्रेजी भाषा बोल्ने देशहरु पनि नेपालभन्दा प्यारो लाग्न थाल्यो । यही अंग्रेजी भाषाको कारण हाम्रा बालबालिकाहरु आफ्नो देशको मनाङ, मुस्ताङ, इलाम, अछाम, सिन्धुलीभन्दा बढी न्युयोर्क, लण्डन, वेल्स, पेरिस, सिकागोसँग परिचित छन् । आफ्नो देश बनाउनभन्दा अरुले बनाइदिएको देशमा गएर बस्न बढी लालायित छन् ।

यी त भए पाठ्यक्रममा देखिएको कमजोरीको कारण राष्ट्रियतामा आएको ह्रासबारे केही उदाहरण । संरचनागत विसंगतिले भित्र्याएको कन्तबिजोगको त कुरा गरी साध्य छैन । शहरीया शिक्षण संस्थाहरुको नामकरणले नै नेपालीपनको खिल्ली उडाएको छ । विभिन्न कालखण्डका इसाई पादरीहरुको नामबाट खुलेका सयौं निजी विद्यालयहरु छन् । सेन्ट जिभियर्स, सेन्ट मेरिज, डन बस्को आदि नाम गरेको विद्यालयमा पढ्ने विद्यार्थीहरुको दिमागमा नेपाली पहिचान र राष्ट्रियता कति प्रतिशत घुस्छ होला ? त्यति मात्र होइन विदेशी शहर, नदीनाला, पहाड, हिमाल, समुन्द्रको नामबाट पनि विद्यालय खुलेका छन् । चेल्सी कलेज, बार्सिलोना स्कुल, म्यान्चेस्टर स्कुल, मेड्डि स्कुल जस्ता नामले हाम्रो मौलिक पहिचानलाई लोप्पा खुवाइरहेको छ । नेपालमा पाठ्यपुस्तक र पाठ्यक्रम सरकारको स्विकृतिमा मात्र लागू हुने कानुनी व्यवस्था छ । तर, गुणस्तरीय शिक्षाको नाममा विदेशी पाठ्यपुस्तक र पाठ्यक्रमलाई कुनै मापदण्डविना नै समकक्षा प्रदान गरिएको छ । निजी विद्यालयहरुले लागू गरिरहेको पाठ्यपुस्तकको विषयवस्तुको स्थिती अध्ययन गर्ने हो भने त कन्तबिजोग नै छ । 'माई कन्ट्री' शीर्षकको अंग्रेजी निबन्ध भारतबारे छ । 'नेशनल फिगर' शीर्षकको पाठमा महात्मा गान्धी, मदर टेरेसा, अब्राहम लिंकन, नेल्सन मण्डेला आदिबारे लेखिएको छ । अनि, विद्यार्थीले लखन थापा, भक्ति थापा, अमरसिंह थापा, बलभद्र कुवँर, धर्मभक्त माथेमा, दशरथ चन्द वा शुक्रराज शास्त्रीको योगदानको महत्व के बुझ्ला ?

**अन्तर्राष्ट्रिय अभ्यास र नेपालको अवस्था**

दक्षिण कोरिया, जापान, चीन, इजरायल आदि समृद्ध भनिएका मुलुकमा विदेशी भाषालाई बहिष्कारण नै गरिएको छ । विदेशी भाषासँगै विदेशी संस्कारको प्रवेश हुने मान्यता अनुरुप ती देशले उच्च शिक्षासम्म आफ्नै मातृभाषामा शिक्षा दिने व्यवस्था गरेका छन् । अमेरिका र युरोपमा मुस्किलले १० प्रतिशत विद्यार्थी निजी विद्यालयमा पढ्छन् । सम्पूर्ण शैक्षिक प्रणालीको निगरानी र नियन्त्रण राज्यबाट हुन्छ । सोभियत रुसले सन् १९६१ मा पहिलो पटक अन्तरिक्षमा मानव (युरी गागरिन) पठाएपछि अमेरिकाले आफ्नो तल्लो तहदेखि उच्च शिक्षाको पाठ्यक्रम एकै पटक संशोधन गरेको थियो । अमेरिकाले सन् १९६९ मा चन्द्रमामा मानव (निल आर्मस्ट्रङ) पठाउन सफल भयो । समृद्ध राष्ट्रहरुमा देश, काल, परि स्थिति अनुसारको पाठ्यक्रम निर्माण र परिवर्तन गर्ने प्रष्ट नीति छ । जसले गर्दा उत्पादित जनशक्ति राज्यप्रति जहिल्यै बफादार र इमानदार हुन्छन् ।

तर, नेपालमा भने मौलिक पहिचान र आधारभूत आवश्यकतालाई ख्याल नगरी शिक्षा नीति बनाइन्छ । त्यसका लागि पनि विदेशीको नक्कल गर्ने परिपाटी छ । २०११ सालमा राष्ट्रिय शिक्षा योजना आयोग गठन गरी 'पालामा शिक्षा' नामक प्रतिवेदन तयार पार्न मार्ग निर्देशकको रुपमा ओरेगन विश्वविद्यालय, अमेरिकाबाट डा. हयुग बी. उडलाई झिकाइएको थियो । २०१९ सालमा पनि तिनै ह्युग बी. उडको नेतृत्वमा युनेस्कोबाट आएको टोलीले शिक्षा सम्बन्धी अध्ययन गरि सरकारलाई प्रतिवेदन बुझाएको थियो ।

२०४९ सालमा गठित राष्ट्रिय शिक्षा आयोगमा युनेस्कोबाटै डा. टि.एन. धर, डा. ग्रान्ट हार्मन र जोन बेनन सल्लाहकारको रुपमा आएका थिए । उपर्युक्त तथ्यहरुले देखाउँछ कि हामी आफ्नो लागि आवश्यक शिक्षा नीति र योजना बनाउन पनि विदेशीकै भर पर्छौं । त्यस्तो शिक्षा प्रणालीबाट उत्पादित जनशक्ति देशप्रति समर्पित हुनेमा शंका गर्ने ठाउँ बन्नु अस्वाभाविक होइन । हाम्रो शिक्षा प्रणालीमा राष्ट्रियताको स्खलन हुनुमा अन्य पनि थुप्रै कारण छन्, जसको लागि छुट्टै चर्चा गर्नु पर्ने हुन्छ ।

राजनीतिक, आर्थिक, सामाजिक, विज्ञान प्रविधि र आमसञ्चारको भूमिका पनि छलफलका विषय हुन् । तर, यहाँ प्रष्ट पार्न खोजिएको सवाल भनेको विद्यालयको पाठ्यक्रमगत त्रुटि र संरचनागत कमजोरीको कारण शिक्षित जमातमा देखिएको राष्ट्रियताविहीन शैक्षिक जनशक्ति हो । हामी राष्ट्रियताविहीन अर्थात्, मृत शिक्षा पढाइरहेका छौं ।

*- साभार: नेपाललाईभ*

# आफ्नै बोझले थिचिँदै छ कांग्रेस !



मनोजकुमार कँडेल

देशको लोकतान्त्रिक पद्धतिको पहिलो आधार राजनीतिक पार्टीभित्रको लोकतन्त्र हो । अधिनायकवादी शैलीमा संचालित राजनीतिक दलले देशमा लोकतान्त्रिक पद्धति संस्थागत गर्ने विश्वास गर्न सकिँदैन । नेपालको लोकतान्त्रिक आन्दोलनलाई निरन्तर नेतृत्व गरिरहेको नेपाली काग्रेस १४ औं महाधिवेशनको संघारमा छ । नेपालीले कांग्रेसको यस महाधिवेशनलाई कुनै अमुक दलको अधिवेशनमात्र ठाकांग्रेस होलान्जस्तो लाग्दैन । यसैले देशको पुरानो र लोकतान्त्रिक धारको नेतृत्व गरिरहेको सबभन्दा ठूलो पार्टीको महाधिवेशनको सर्वाधिक चर्चा र चासो हुनु स्वाभाविकै हो ।

संसदीय राजनीतिमा रहेका कम्युनिस्ट र मधेसवादी दलहरू विग्रह ऊन्मुख रहेको देखिएकड यस जटिल परिस्थितिमा कांग्रेस महाधिवेशनलाई गम्भीररूपमा हेरिने नै भयो । त्यसकारण पनि सामान्य नेपाली नागरिक, बौद्धिक समाज, नागरिक समाज सबैले यस महाधिवेशन, पार्टी नेता तथा कार्यकर्ताको गतिविधि, नीति तथा पद्धतिप्रति गहिरो चासो राखेर हेरिरहेका हुन् । लोकतान्त्रिक शासन प्रणालीमा पार्टी नेतृत्व पनि आवधिकरूपमा चुनिनु पर्नेहुन्छ ।

महाधिवेशनले पार्टीलाई वैधानिकता मात्र दिँदैन आन्तरिक लोकतन्त्रको अभ्यास पनि गराउँछ । महाधिवेशनका क्रममा अभ्यास हुने विधि, प्रक्रिया, पद्धतिले समेत लोकतन्त्रलाई सुदृढ बनाउँछ । अहिले नेपाली कांग्रेसको महाधिवेशनको तयारी भइरहँदा स्थानीयस्तरमा देखिएका घटनाक्रमले भने कता कता कांग्रेसको सिद्धान्त, यसले बोकेको इतिहास र नागरिकले गरेको अपेक्षालाई आत्मसात गर्न नसकेको हो कि भन्ने गम्भीर प्रश्न खडा भएको छ । पार्टीभित्रको प्रतिस्पर्धा लोकतन्त्रको आधार हो तर यो विधान, पद्धति र सिद्धान्तमा आधारित हुनु आवश्यक हुन्छ । तर, नेपालको राजनीतिको लोकतान्त्रिक धारको नेतृत्व गर्ने कांग्रेस भने अन्य शक्तिको कारणले भन्दा पनि पार्टी भित्रकै विकृतिबाट थलिएको देखिएकोछ ।

पहिलो विकृति हो पार्टी संचालनको लोकतान्त्रिक विधि, विधानमाथि प्रहार । संवैधानिकरूपमा ५ वर्षमा महाधिवेशन गर्नु नै पर्ने नहुँदो हो त सायद नेपालका कुनै पनि पार्टीका प्रमुखले महाधिवेशनै गर्दैनथे होलान् । कांग्रेस पनि यसको अपवाद देखिँदै । बल्लतल्ल महाधिवेशन हुन्छ तर पार्टीको विधानअनुसार न त संगठन चल्छ न तोकिएका बैठकहररू हुन्छन् न विभागहरू नै बन्छन् । विसं २०४६ भन्दा पहिले बरु हरेक वर्ष कांग्रेसले राष्ट्रिय कार्यकर्ता भेला गर्थ्यो । पछि पनि दुईटा महाधिवेशनबीच कम्तीमा एकपटक महासमितिको बैठक गर्नेगरेको थियो । तर, अब त पार्टीलाई संस्थागतरूपमा सञ्चालन गर्ने कांग्रेसले छोडिसकेको देखिन्छ । पार्टीको निर्णय केन्द्रीय कार्य सम्पादन समितिबाट हुनुपर्नेमा विधानमा कतै उल्लेख नभएको पूर्व र वर्तमान पदाधिकारी बसेर गर्न थालेक छन् । कहिले त केद्रीय कार्य सम्पादन समिति मै नभएको व्यक्तिहरूसमेतलाई सहभागी गराइएको देखिन्छ । यस्ता थुप्रै गतिविधिले विधी, विधान र प्रणालीलाई नै चुनौती दिएकोछ । यस्तो विकृतिले बिस्तारै पार्टीलाई नेतामुखी, कार्कर्तालाई व्यक्तिवादी र व्यक्तिगत स्वार्थको घेरामा खुम्च्याउँ छ ।

दोस्रो विकृति हो पार्टीभित्रको गुटबन्दी । पार्टी विधी विधानअनुरूप नभएर नेताको इच्छामा संचालन हुन थालेपछि कार्यकर्ता पनि नेतामुखी हुन थाल्छन् । कुनै न कुनै नेताको आर्शीवादमा पद, सत्ता पाउने परिपाटीको विकास हुन्छ र पार्टी विधान र विधि नेताको हुकुममा परिणत हुन्छ । यस प्रकारको गुटबन्दीले कार्यकर्तालाई पार्टीको झन्डाको सट्टा देउवा, पौडेल, सिंह, सिटौला, कोइराला, निधीहरूको तस्बिरमुनि गोलबन्द गराउन थाल्छ । अनि दलको आन्तरिक तानातानको रिस संसदीय चुनावमा अर्को गुटलाई सिध्याउने खेलमा बदलिन्छ । परिणाम आफ्नै पार्टी हार्दा पनि खुसी मनाउने विकृति सुरु हुन्छ । एकले अर्कोलाई सिध्याएर रमाउने गरेको देखिन्छ ।

बिस्तारै पार्टी जनताबाट टाढिन्छ र अन्तत: विचारहीन, गतिहीन सीमित नेताको स्वार्थलाई वैधानिकता दिने संयन्त्रका रूपमा स्थापित हुन्छ । परिणामस्वरुप पार्टी खुम्चिँदै जान्छ, खस्किँदै जान्छ । आज कांग्रेसलाई गुटबन्दीले चिथोरी रहेकोछ । यसको उपचार अनिवार्य भएकोछ । तेस्रो हो आर्थिक अनुशासनहीनता । सुशासन, पारदर्शिता प्रजातन्त्रलाई सुदृढ बनाउने महत्त्वपूर्ण आधार हुन् । पार्टीमा विधी विधान नै भत्काएपछि अनुशासनहीनता बढ्छ । त्यस अवस्थामा नैतिक आचरण सुरक्षित हुन सक्दैन । त्यसमा पनि चरम गुटबन्दी मौलाएको अबस्थामा नैतिकताभन्दा माथि व्यक्ति हुन्छ । अनि नेताहरू पार्टीको सिद्धान्त, विचार बुझाएर होइन पैसा बाँडेर प्रभाव बढाउन थाल्छन् । यसरी पार्टी आर्थिकरूपमा अनुशासनहीन हुन्छ । परिणामस्वरूप पार्टीको सानो सानो कार्यक्रमदेखि नेतृत्व चयनमा आर्थिक चलखेल सुरु हुन्छ र पार्टी आर्थिकमा अनुशासनहीनता व्याप्त हुन पुग्छ ।

महाधिवेशनका क्रममा वडा, गाँउ, क्षेत्रदेखि केन्द्रसम्म देखिएको आर्थिक चलखेलको प्रवृत्तिले पार्टीलाई व्यापारी घराना जस्तो बनाएको छ । पार्टीमा लगानी गर्ने, नेता तथा पद हात लिने अनि पैसा कमाउने । ध्यान नै यत्तिमा केन्द्रित छ । पार्टीमा ऐजेरुको रूपमा मौलाएको यो विकृतिलाई नउखेल्ने हो भने कांग्रेसको भविष्य सायद इतिहासमात्र हुनसक्छ । राजनीतिमा त जनताले विकल्प खोजिरहेका हुन्छन् । नेपालको यो लोकतन्त्र, लोकतान्त्रिक संविधान, कानुनी शासन र उत्तरदायी नेतृत्वको मूल्य मान्यताको रक्षा कसले गर्ला ? कतै कुनै न कुनै रूपमा कम्युनिस्टको अधिनायकवादी भूत त जाग्ने होइन ? अवस्था डरलाग्दो छ । सबै गम्भीर हुनु आवश्यक छ ।

- साभार: बाह्रखरी

# चित्रमार्फत उज्यालोको खोजी, एउटै तस्बिरको ८० हजार



नवलपुर/भित्तामा झुण्ड्याइएका तस्बिरमध्ये कुनामा एउटा फरक तस्बिर छ । हातले कोरिएको मानिसको चित्रमा कपाल मुण्डन गरिएको अनि निधारमा रातो टीका छ । जुँगा काटिएको तर लामा लामा दाह्री छन् । गेरु बस्त्र धारण गरेको मान्छेको घाँटीमा भने क्रस (जिसस) चिह्न भएको माला छ । जुन तस्बिरले सबैको ध्यान सजिलै खिचेको छ ।

एउटै व्यक्तिलाई कतिकति धेरै प्रकारको रुप धारण गरिएको । तस्बिरले सबैको ध्यान खिचे पनि यसको अर्थ बुझ्न भने अलि कठिन नै छ । चित्रकार प्रकाश थापा 'प्रथा'ले कोरेको उक्त तस्बिरले सबै जसरी गए पनि पुग्ने ठाउँ भनेको एउटै हो भन्ने अर्थ दिन खोजेको छ । 'यो चित्रको मुण्डन गरिएको टाउको र टीकाले हिन्दु, जुँगा काटेर दाह्री पालेको हुँदा मुस्लिम, गेरु बस्त्रले बौद्ध तथा घाँटीमा लगाएको क्रस मालाले क्रिश्चियन भन्ने अर्थ बुझाउँछ', कलाकार थापा भन्छन्, 'यो तस्बिरले मान्छेको आकारप्रकार संसारभरि एउटै हुन्छ, दिमाग फरक हुन्छ, जाने ठाउँ एउटै हुन्छ, तर पुग्ने ठाउँ एउटै हुन्छ भनेर भन्न खोजेको हो ।'

नवलपरासी (बर्दघाट सुस्तापूर्व)को गैंडाकोट नगरपालिका ४ स्थित किसान आर्ट ग्यालरीमा 'आत्मदीपन' चित्रकला प्रदर्शनी भइरहेको छ । हामी कलाकार, त्रिवेणी साहित्य परिषद् र कलावती आर्ट काउन्सिलको आयोजनामा गरिएको प्रदर्शनी दसैंको पूर्णीमासम्म सञ्चालन हुनेछ । सो प्रदर्शनीमा नवलपुर तथा चितवनका विभिन्न १७ कलाकारले कोरेका ५२ तस्बिर राखिएका छन् । मन परेको तस्बिर प्रदर्शनीस्थलबाटै किन्ने व्यवस्थासमेत मिलाइएको छ ।

प्रदर्शनीमा राखिएका तस्बिरले शीर्षकलाई प्रतिनिधित्व गर्ने कलाकार थापाले बताए । 'प्रदर्शनीमा राखिएका तस्बिर शीर्षकअनुसार भयो भएनभन्दा पनि चित्रबाट मानिसको मुहारमा पक्कै खुसी ल्याउँछ', थापाले भने, 'हो त्यही खुसी अर्थात् उज्यालो ल्याउनु हो हाम्रो उद्देश्य ।' प्रदर्शनीमा थापाका तीन चित्र राखिएका छन् । सबै चित्रले बुद्ध दर्शन समेट्दै शान्तिको चाहना राखेका थापाले बताए ।

**चित्रकलाप्रति आकर्षण बढ्दै**

पछिल्लो समय युवापुस्तामा चित्रकलाप्रति आकर्षण बढ्दै गएको कलाकारको भनाइ छ । 'हामी कलाकार'का अध्यक्ष भीम शर्माले पहिलेको तुलनामा चित्रकलाप्रति मानिसको आकर्षण बढ्दै गएको बताए । 'चित्रकला प्रदर्शनीको अवलोकन गर्ने, मन परेको चित्र किनेर घरमा लगेर झुण्ड्याउने प्रचलन बढ्दै गएको छ', शर्माले भने, 'अहिले प्रत्येकका घरमा कुनै न कुनै तस्वीर झुण्ड्याइएका हुन्छन्, अलि ठूला घरले त बैठक कोठामा चित्रकारले कोरेका तस्वीरसमेत राख्न थालेका छन् । हातले कोरेका तस्बिर स्वभावैले महँगो हुने गरेको शर्माले बताए । 'प्रदर्शनीमा आउने अथवा हाम्रो आर्ट ग्यालरीमा आउने मानिसले चित्र त मन पराउनुहुन्छ तर अलि महँगो भनेर भन्ने गर्नुहुन्छ', शर्माले भने, 'हातले चित्र कोर्न त्यति सजिलो छैन । सबै कुराको संयोजन गरेर बनाउँदा मेहनत धेरै लाग्ने भएका कारण चित्र महँगो पर्न जान्छ ।'

प्रदर्शनीमा राखिने तस्बिर व्यावसायिक ठाउँमा राखिनेभन्दा फरक प्रकृतिको हुने गरेको कलाकार थापा बताउँछन् । 'प्रदर्शनीमा राखिने चित्र प्राय: अमूर्त खालका हुने गर्दछन्, मानिसले झ्याप्प बुझ्न सक्दैनन् अनि बुझिनँ भनेर सोध्न पनि सक्दैनन्', थापाले भने, 'व्यावसायिक ठाउँमा राखिने तस्बिर हिमाल, झरना, गाउँबस्तीका हुने गरेका छन्, त्यसैले प्रदर्शनीमा भन्दा व्यावसायिक ठाउँबाट बढी चित्र बिक्री हुने गरेको छ ।'

कला बुझ्ने मानिस गम्भीर प्रकृतिका हुने जनाउँदै उनले पछिल्लो समय चित्रप्रति विस्तारै लगाव बढ्दै गएको बताए । प्रदर्शनीमा राखिएका तस्बिर हेर्नकै लागि अर्घाखाँची, धादिङलगायत जिल्लाबाट मानिस आएका कलाकार शर्माले बताए । कोरोना संक्रमण पूर्णरुपमा नियन्त्रण नभएकै अवस्थामा भए पनि कलाप्रति झुकाव राख्ने मानिस प्रदर्शनीमा आउने गरेका शर्माको भनाइ छ । सहजरुपमा हिँडडुल गर्ने अवस्था नहुँदासमेत टाढाटाढाबाट मानिस आएर प्रदर्शनी गर्दा आफूहरुको हौसला बढेको शर्माले बताए ।

**जीवन निर्वाहको आधार बन्द**

चित्र कोरेरै जीवन निर्वाह गर्नसक्ने अवस्था सिर्जना हुँदै गएको छ । चित्रकार वरुणबाबु घिमिरे चित्र कोरेर जीवन निर्वाह हुने बताउँछन् । 'स्थापित कलाकारलाई चित्र कोरेर जीवन निर्वाह गर्न खासै कठिन छैन', घिमिरेले भने, 'आफू र आफ्नो परिवारको सामान्य जीवन निर्वाह गर्न चित्रकलाबाट सकिन्छ, धेरै महत्वकांक्षी भइयो भने चित्रकलाबाट जीवन गुजारा हुँदैन ।' मानिसले घरका कोठा तथा अन्य ठाउँमा राख्नका लागि चित्र बनाउन भन्दै अग्रिमरुपमा 'अर्डर' गर्ने गरेका घिमिरेले बताए । बढीमात्रामा प्राकृतिक चित्र मानिसले रुचाउने गरेको आफूले पाएको घिमिरेको भनाइ छ । मूर्तचित्र बढी बिक्री हुने गरेका भए पनि अमूर्त आकारका चित्र बिक्रीमा समस्या हुने गरेको घिमिरेले बताए ।

**उपहारमा चित्रकला सामग्री**

पछिल्लो समय चित्र उपहारका रुपमा प्रदान गर्ने प्रचलन समेत बढ्दै गएको छ । कलाकार थापाले चित्र 'गिफ्ट'का रुपमा दिन थालिएको जनाउँदै शुभकार्यमा चित्र प्रदान हुन थालेको बताए । 'विवाह, ब्रतबन्ध, जन्मोत्सव, चौरासी पूजा, म्यारिज एनिभर्सरीमा उपहार दिने चित्रको माग बढ्दो छ', थापाले भने, 'शुभकार्यमा जसले शुभ कार्य गर्दैछ उसैका चित्र कोर्न लगाउने तथा प्राकृतिक चित्रले लगेर गिफ्ट गर्ने प्रचलन बढेको छ ।'

शुभ कार्यमा हातले कोरिने चित्र तथा मूर्तिको माग हुने गरेको कलाकार भीम शर्माले बताए । तीन चार महिना अगाडिदेखि नै मानिसले आफूलाई आवश्यकपर्ने तस्बिर कोर्नका लागि अर्डर दिने गरेका शर्माले बताए । 'पेन्टिङ घरमा राख्ने प्रचलन बढ्दै जाँदा पनि शुभ कार्यक्रममा उपहारका रुपमा हातबाट निर्माण गरिएका चित्र तथा मूर्ति दिने प्रचलन बढेको हो', शर्माले भने, 'शुभकार्यमा चित्रकला सामग्री उपहार दिने प्रचलन बढ्दै जाँदा कलाकारको आर्थिक अवस्थामा केही भए पनि सुधार आउँछ ।'

**प्रदर्शनीमा बुद्ध दर्शनका चित्र**

पूर्वपश्चिम राजमार्गबाट २०० मिटरको दूरीमा चित्रकला प्रदर्शनी भइरहेको छ । देशकै आर्थिक केन्द्रका रुपमा नारायणगढ बजारबाट दुई क्लिोमिटर पश्चिमतर्फ नवलपरासी (बर्दघाट सुस्तापूर्व)को गैंडाकोट ४ कालिगण्डकी चोक नजिकै सहज सामुदायिक अस्पतालसँग किसान आर्ट ग्यालरीमा चित्रकला प्रदर्शनी आयोजना गरिएको छ । सो प्रदर्शनीमा राखिएका ९० प्रतिशतभन्दा बढी चित्र बुद्ध दर्शनसँग सम्बन्धित छन् । 'हामीले बुद्धजयन्तीको अवसर पारेर चित्रकला प्रदर्शनी गर्ने योजना बनाएर अघिल्लो वर्षदेखि नै तयारी थालेका थियौं', कलाकार शर्माले भने, 'बुद्धजयन्तीका बेला कोभिड संक्रमणका कारण निषेधाज्ञा जारी हुँदा प्रदर्शनी गर्न सकिएन, त्यसैले अहिले तिनै चित्र प्रदर्शनी गरिएको हो ।' बुद्ध दर्शनसँग सम्बन्धित नाम दिएर प्रदर्शनीको नाम 'आत्मदीपन' राखिएको भन्दै शर्माले चित्रमा सत्य, प्रेम, शान्ति, अहिंसा र धर्मलाई जोड्ने बुद्धका पाँच उपदेशको सन्देश दिन खोजिएको बताए ।

काठमाडौं र पोखरामा चित्रकला प्रदर्शनी भइरहने भए पनि अन्य ठाउँमा प्रदर्शनी खासै नहुने गरेको जनाउँदै आफूहरुले नवलपुरमा नियमितरुपमा चित्रकला प्रदर्शनी गर्ने तयारी थालेको शर्माले बताए । 'नवलपुर कलाका क्षेत्रमा उर्वर भूमि हो, त्यसैले हामीले अब वर्षमा कम्तीमा पनि दुई वटा चित्रकला प्रदर्शनी गर्ने जमर्को गरेका छौं', शर्माले भने,"प्रदर्शनी अवलोकनका लागि शिक्षक, प्राध्यापक, कलाकार, बौद्धिक चिन्तन गर्ने मानिस, पत्रकार आउने गरेका छन् ।'

**एउटै तस्बिरको ८० हजार**

यही असोज ८ गतेदेखि सुरु भएको प्रदर्शनीमा राखिएका सबै चित्रको फरकफरक मूल्य राखिएको छ । प्रदर्शनीमा राखिएका ५२ वटै चित्रको फरकफरक मूल्य रहेको छ । प्रदर्शनीमा आठ हजारदेखि ८० हजारसम्मका चित्र राखिएका छन् । कलाकार दामोदर बरालले बनाएको बुद्धको चित्रको मूल्य ८० हजार राखिएको छ ।

प्रदर्शनी सुरु भएको तेस्रो दिनमा नै कलाकार बरालले कोरेका तस्बिर बिक्री भइसकेको छ । सो तस्बिर गैंडाकोटकै स्थानीयले किनेर लगेका कलाकार शर्माले जानकारी दिए । त्यसैगरी अन्य केही तस्बिरसमेत प्रदर्शनीस्थलबाट बिक्री भइसकेका छन् ।

'प्रदर्शनीमा राखिएका केही तस्बिर बिक्री भइसकेका छन्, केही लैजाने भनेर बुकिङ गरिएको छ', कलाकार शर्माले भने, 'प्रदर्शनीमा राखिएको कमलको फूल र बुद्ध भएको तस्बिर गण्डकी प्रदेशका मुख्यमन्त्रीले लैजाने भनेर अरुलाई नबेच्न भन्नुभएको छ ।'

प्रदर्शनीमा राखिएका तस्बिरमध्ये आधाभन्दा बढी बिक्री हुने आफूहरुको अनुमान रहेको शर्माले बताए । गैंडाकोट नगरपालिका प्रमुख र उपप्रमुखलेसमेत प्रदर्शनीमा राखिएकामध्ये केही तस्बिर लैजाने प्रतिबद्धता जनाएको शर्माको भनाइ छ ।

*(रासस)*

# टेलिकमको फोरजी सेवासहितको टावर सञ्चालन

खोटाङ (रासस)/ जिल्लाको विभिन्न १८ स्थानमा नेपाल टेलिकमको फोरजी सेवासहितको टेलिफोन टावर सञ्चालनमा आएको छ । जिल्लाका दशवटै स्थानीय तहमा फोरजी सेवासहितको टेलिफोन टावर सञ्चालन गर्ने लक्ष्य लिएको टेलिकमले पहिलो चरणमा जिल्ला विभिन्न १८ स्थानमा सञ्चालनमा ल्याएको हो ।

दिक्तेलस्थित टेलिकमको कार्यालय, रत्नपार्क, हलेसी, च्यास्मिटार, बाहुनीडाँडा, सिम्पानी, खोटाङ बजार, सावाकटहरे, चिसापानी, बराहपोखरी, मात्तिमबिर्ता, खिदिमा, बाँझेच्यानडाँडा, दोर्पाबुवालुङ, फेदी बाक्सिला र बुइपामा जडान गरिएको टावर सञ्चालनमा आएको नेपाल टेलिकम खोटाङका कार्यालय प्रमुख खगेन्द्र मगरले बताए ।

"नमस्ते मोबाइलका सेवाग्राहीको समस्यालाई मध्यनजर गर्दै टेलिकमले गत आर्थिक वर्ष जिल्लाका २८ स्थानमा टेलिफोन टावर जडानको काम थालेको थियो", उनले भने, "जडान गरिएकामध्ये पहिलो चरणमा १८ वटा सञ्चालन गरिएको छ ।

निर्माणाधीन दशवटा पनि चाँडै सञ्चालन गर्ने तयारी गरेका छौं ।" दोस्रो चरणमा बतासे, छितापोखरी, खार्पा, दुवेकोल, ऐंसेलुखर्क, पाथेका, मेरुङ, मुडे र आमचोकमा जडान गरिएका टेलिफान टावर सञ्चालन गर्ने तयारी गरिएको टेलिकम खोटाङका कार्यालय प्रमुख मगरले बताए । "टेलिफोन टावरका लागि आवश्यक सामग्री ल्याई सकिएको छ", उनले भने, "अहिले जिल्लाका ग्रामिण सडक अवरुद्ध रहेकाले निर्माणस्थल पुऱ्याउन सकिएको छैन । दसैं/तिहार लगत्तै बाँकी दशवटै ठाउँका टेलिफोन टावर सञ्चालनमा ल्याउँछौं ।"

नेपाल टेलिकम खोटाङका अनुसार यस वर्ष जिल्लाका थप तीन ठाउँमा टेलिफोन टावर जडानका लागि केन्द्रबाट कार्यक्रम आएको जनाइएको छ । सल्ले, राजापानी र लिच्किराम्चेमा यस वर्ष टेलिफोन टावर जडानका लागि केन्द्रबाट थप कार्यक्रम आएको कार्यालय प्रमुख मगरले जानकारी दिए ।

नेपाल टेलिकमले जिल्लामा फोरजी सेवासहितको टेलिफोन टावर सञ्चालनमा ल्याएपछि अधिकांश भेगका सेवाग्राही लाभान्वित भएका छन् । जिल्लामा जडान गरिएका टेलिफोन टावरलाई प्रभावकारी बनाउन केन्द्रीय प्रशारण लाइनको विद्युत्का साथै सोलार प्यानेल जडान गरिएको टेलिकमले जनाएको छ ।

जिल्लाका अधिकांश भेगमा फोरजी सेवासहितको टेलिफोन टावर सञ्चालनमा ल्याएपछि दुई नगर र आठ गाउँपालिका रहेको जिल्लामा नमस्ते मोबाइल प्रयोग गर्ने सेवाग्राहीको संख्यासमेत वृद्धि हुँदै गएका छन् । गाउँगाउँमा फोरजीसहितको नमस्ते मोबाइल सेवा सञ्चालन भएपछि जिल्लामा रिचार्ज कार्डमात्रै दुई करोड बढीको खपत हुने गरेको कार्यालय प्रमुख मगरले जानकारी दिए ।

टेलिकमले जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारका साथै धार्मिक तथा पर्यटकीयस्थल हलेसी, चिसापानी, ऐंसेलुखर्क र खोटाङबजारमा ल्याण्डलाइन टेलिफोन विस्तार गरेको छ । जिल्लाका विभिन्न ठाउँमागरी करिब ६०० उपभोक्ताले टेलिकमको एडिएसएल सेवा लिएको जनाइएको छ ।

जिल्लामा इन्टरनेट सेवालाई समेत प्रभावकारी बनाउन पहल थालेको टेलिकमले पछिल्लो समय दिक्तेल बजारमा फाइबर विस्तारको कामसमेत तीव्रगतिमा अगाडि बढाएको छ । दसैं/तिहार लगत्तै सेवाग्राहीलाई फाइबर सेवा वितरण गर्ने लक्ष्य लिएको टेलिकमले दिक्तेल बजारमा तार टाँग्ने काम सम्पन्न गरिसकेको छ ।

दिक्तेल बजारमा फाइबर सेवा सुरु भएपछि इन्टरनेटमा कुनै समस्या नआउने कार्यालय प्रमुख मगरले बताए । "जिल्लामा विस्तार गरिएका एडिएसएल सेवामा समेत बेलाबखत समस्या देखिने गरेको छ", उनले भने, "फाइबारमार्फत वितरण गरिने इन्टरनेट छिटो चल्नुका साथै अवरुद्ध हुने सम्भावना कम हुन्छ ।"

बढ्दो प्रविधिको प्रयोगसँगै जिल्लाका सबै स्थानीय तह तथा सरकारी कार्यालयमा इन्टरनेटमार्फत सेवा प्रवाह शुरु गरिएको छ तर, इन्टरनेट सेवा प्रदायक कम्पनीको लापर्वाहीले स्थानीय तह तथा कार्यालयमा जडान गरिएका इन्टरनेट सेवा प्रभावकारी नहुँदा सेवाग्राही मारमा परेका छन् ।

सेवाग्राहीलाई बिना झन्झट छिटो सेवा दिने उद्देश्यले अधिकांश स्थानीय तह तथा सरकारी कार्यालयले पेपरलेस (बिना कागजात) इन्टरनेटमार्फत कामसमेत सुरु गरेको छ ।

इन्टरनेट सेवा प्रभावकारी नहुँदा कार्यालयमा जडान गरिएका कम्प्युटरमा सिस्टम (प्रविधि) नचलेपछि सेवाग्राहीको काम घण्टौंसम्म रोकिने गरेको छ । दश स्थानीय तह रहेको जिल्लामा दर्जन बढी इन्टरनेट सेवा प्रदायक कम्पनीको इन्टरनेट जडान गरिएका छन् ।

कतिपयले सेवाग्राहीबाट अग्रिम भुक्तानी लिएर जडान गरिदिएका छन् भने, कतिपयले मासिकरुपमा भुक्तानी लिने गरेका छन् । इन्टरनेट सेवा प्रभावकारी नहुँदा सबैभन्दा बढी बैंक तथा वित्तीय संस्था र जिल्लामा क्रियाशील सञ्चारकर्मी मारमा परेका छन् । यससँगै जग्गा पास तथा नामसारी गर्न जिल्ला मालपोत कार्यालय आउने सेवाग्राही पनि उत्तिकै मारमा पर्ने गरेका छन् ।

# महिला आयोगको सक्रियता




काठमाडौं (रासस)/ राष्ट्रिय महिला आयोगले पछिल्लो समय आफ्ना गतिविधिमा सक्रियता देखाएको छ । महिलाका हकहित संरक्षण गर्ने उद्देश्यसहित स्थापना भएको आयोगले गत पुसमा पूर्णता पाएसँगै सक्रियता बढाएको हो । आयोग पछिल्लो तीन वर्षदेखि पदाधिकारीविहीन अवस्थामा थियो ।

संवैधानिक मान्यता प्राप्त गरेको झण्डै पाँच वर्षपछि आयोगमा आव २०७७/७८ मा अध्यक्ष र चार जना सदस्यको नियुक्ति भई आयोगले पूर्णता पाएपछि आयोगले आृनो कामकारवाहीलाई नियमितसँग सक्रियता बढाएको छ । पदाधिकारीको नियुक्ति र पदबहालीसँगै महिला हकअधिकारको संरक्षण र सम्वर्द्धन, महिला हिंसाका घटनाको स्थलगत अनुगमन तथा सम्बोधन गर्ने कार्यमा आयोगको क्रियाशीलता बढेको छ ।

हिंसामा परेका महिलाको उजुरी सम्बोधनका लागि आयोगले 'खबर गरौं ११४५' हेल्पलाइन सेवा नि:शुल्करूपमा २४ सैँ घण्टा सञ्चालन गरी सेवा प्रदान गर्दै आइरहेको छ । त्यसले जोखिममा परेका महिला तथा बालबालिकालाई ठूलो राहत पुऱ्याएको अध्यक्ष कमला पराजुलीले जानकारी दिए । विगतमा दातृ निकायको सहयोगमा सञ्चालित सो सेवा आव २०७८/७९ देखि नेपाल सरकारको बजेट र जनशक्तिबाट सञ्चालन हुने व्यवस्था मिलाइएको छ । आव २०७७/७८ मा आयोगमा लैङ्गिक हिंसासम्बन्धी कूल एक हजार ५७० उजुरी दर्ता भएका छन् । जसमध्ये एक हजार ३५२ (८६ प्रतिशत) उजुरी घरेलु हिंसासँग सम्बन्धित छन् भने २१८ (१४ प्रतिशत) उजुरी महिला हिंसासँग सम्बन्धित छन् ।

कूल उजुरीमध्ये ९०० वटा उजुरी फछ्र्यौट भइसकेको छ । आयोगमा दर्ता भएका उजुरीमध्ये सबैभन्दा बढी ५४ प्रतिशत उजुरी २६ देखि ४० वर्ष उमेर समूहको रहेको छ । उजुरी दर्ता भएका हिंसाका घटनामध्ये मानसिक यातना, कुटपिट, आर्थिक यातना र चरित्र हत्या सम्बन्धी घटना क्रमश: अधिकतम रूपमा रहेका छन् ।

नीतिगत तथा कानुनी हिसाबले आयोगको दैनिक कार्यसम्पादनलाई व्यवस्थित तवरमा सञ्चालन गर्न सहयोग पुऱ्याउन राष्ट्रिय महिला आयोग नियमावली, २०७८, राष्ट्रिय महिला आयोगको बैठक सञ्चालन कार्यविधि, २०७८ तथा राष्ट्रिय महिला आयोगको आन्तरिक व्यवस्थापन निर्देशिका, २०७८ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ । साथै, आयोगका पदाधिकारी तथा कर्मचारीले पालना गर्नुपर्ने आचरण स्वीकृत गरी कार्यान्वयन ल्याइएको छ । आव २०७७/७८ मा आयोगले विभिन्न विषयमा परामर्शदाता (विज्ञ व्यक्ति/संस्था) बाट अध्ययन अनुसन्धान गराई प्रतिवेदन प्राप्त गरेको छ । अध्यक्ष पराजुलीले राज्यका तीनै तहका सरकार तथा निकायले सञ्चालन गर्ने कार्यक्रममा लैङ्गिक सवाललाई समावेश गर्ने, बजेटलाई संस्थागत गर्ने, समानता र सशक्तीकरणलाई सघाउ पुग्ने कार्यमा पर्याप्त बजेट र जनशक्ति छुट्याउने, प्रत्येक निकायले सञ्चालन गर्ने कार्यक्रमलाई लैङ्गिक दृष्टिले विश्लेषण र लेखाजोखा गर्ने तथा सञ्चालित कार्यक्रमको लैङ्गिक लेखा परीक्षण गर्ने पद्धति अवलम्बन गरी देशमा लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्नपर्ने बताए ।

मानसिक, सामाजिक, शारीरिक र यौन हिंसालगायत विभिन्न प्रकारका हिंसाबाट पीडित/प्रभावित महिला, किशोरी बालिका तथा आश्रित बालबच्चालाई उद्धार तथा पुन:स्थापना गर्ने, कानुनी सहयोग तथा मनोसामाजिक परामर्श प्रदान गर्ने, सुरक्षित आश्रयस्थल सेवा प्रदान गर्न आयोगले समन्वयकारी भूमिका निर्वाह गरिरहेको अध्यक्ष पराजुलीको भनाइ छ । उनले भने, "महिला हकअधिकारको संरक्षण र सम्वर्द्धन गरी लैङ्गिक समानता र लैङ्गिक न्याय सुनिश्चित गर्न राज्यका तीन तह र निकायबाट नीति तथा कार्यक्रम कार्यान्वयनमा रहेको भए पनि कार्यान्वयन पक्ष फितलो हुँदा अपेक्षित नतिजा हासिल हुन सकेको छैन, खासगरी प्रदेश र स्थानीय तहका सरकारले महिला सशक्तीकरण गर्ने, महिलाउपर हुने हिंसालाई नियन्त्रण गर्न महिला जागरुकता र उद्यमशीलता प्रवर्द्धन गर्ने तथा लैङ्गिक सबाललाई सम्बोधन गर्न सघाउ पुग्ने कार्यक्रम प्राथमिकता साथ सञ्चालन गर्नुपर्ने आवश्यकता छ ।"

उनले आयोगको लागि आफ्नै जग्गा र भवनको व्यवस्था गर्न एवं नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठनात्मक सुदृढीकरण गर्दै सबै प्रदेशमा आयोगको प्रदेशस्तरीय संरचना स्थापना गरी आयोगलाई महिला हक अधिकारको संरक्षण र सम्वर्द्धन तथा लैङ्गिक हिंसा रोकथाम र नियन्त्रणको क्षेत्रमा अग्रणी र नेतृत्वदायी भूमिका निर्वाह गर्नसक्ने सबल र सक्षम संस्थाको रूपमा स्थापित गर्न सरकारसँग अनुरोध गरे । अधिकारकर्मी गौरा नेपालीले महिलाभित्र पनि दलित महिला सबैभन्दा बढी हिंसामा पर्ने गरेको बताउँदै महिला आयोगले त्यस्ता महिलाका मुद्दालाई प्राथमिकतामा राखेर उनीहरूलाई न्याय दिनुपर्ने धारणा राखे ।

लैङ्गिक असमानताका लागि महिलालाई स्रोत, साधनसँगै आर्थिक परनिर्भरता, शिक्षा, स्वास्थ्य तथा रोजगारीमा बलियो बनाउनुपर्ने उनको भनाइ छ । महिलाविरुद्धको हिंसा, महिलालाई गरिने असमान व्यवहार, कुप्रथा तथा खराब सामाजिक चालचलन, छुवाछूत तथा जातपातको भेदभाव, छोरीको चाँडो विवाह, परिवारमा छोरालाई बढी महत्व दिने सामाजिक संस्कार, सम्पत्ति अधिकारको उपयोगको सम्बन्धमा विभेदपूर्ण सामाजिक व्यवहार, नागरिकताको पहुँचमा रहेको असमानताजस्ता कारणले महिलामाथि आर्थिक, सामाजिक तथा सांस्कृतिक विभेदको विद्यमानता कायमै रहेको आयोगको बुझाइ छ ।

# भैरहवाद्वारा चितवन पराजित

काठमाडौं (रासस)/ चौथो संस्करणको एभरेष्ट प्रिमियर लिग (इपिएल) टी-ट्वान्टी क्रिकेट प्रतियोगितामा भैरहवा ग्लाडियटर्स चितवन टाईगर्सलाई छ विकेटले पराजित गर्दै विजयी भएको छ ।

चितवनले दिएको १६५ रनको विजयी लक्ष्यलाई भैरहवाले १७ दशमलव पाँच ओभरमा चार विकेट गुमाएर पूरा गऱ्यो । भैरहवाको जीतमा प्रदीप ऐरीले सर्वाधिक ७२ रनको योगदान गरे । उनले ४३ बलमा तीन छक्का र आठ चौका प्रहार गरे ।

त्यस्तै तमिम इकबाल ४० रनमा आउट हुँदा उपुल थरङ्गा ३९ रनमा अविजित रहे । रोहित पौडेल छ र आरिफ शेख एक रनमा आउट भए । कुशल मल्ल एक रनमा अविजित रहे । चितवनका लागि करिम जनतले सर्वाधिक दुई विकेट लिँदा सागर ढकाल र भीम सार्कीले एक/एक विकेट हात पारे । जारी प्रतियोगितामा चितवनको यो पहिलो हार हो । भैरहवाले भने तेस्रो जीत हात पारेको हो । त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस जितेर पहिले ब्याटिङ गरेको चितवनले निर्धारित २० ओभरमा आठ विकेट गुमाएर १६४ रन बनाएको थियो ।

चितवनका लागि करिम जनतले सर्वाधिक ३५ रनको योगदान गरे भने मोहम्मद सहजादले ३२ रन जोडे । सिकुगे प्रसन्नाले २४ रन जोड्दा कमलसिंह ऐरी सात रनमा अविजित रहे । भिस सार्की १६, राजेश पुलामी १४, दिलीप नाथ १३, देव खनाल पाँच र खडक बोहरा एक रनमा आउट भए ।

भैरहवाका अविनाश बोहराले सर्वाधिक तीन विकेट लिए भने कुशल मल्लले दुई तथा कृष्ण कार्की, दुर्गेश गुप्ता र धम्मिका प्रसादले एक-एक विकेट लिए । अघिल्ला चार खेल जितेर आठ अंक बटुलेको चितवन अंक तालिकाको शीर्ष स्थानमा यथावत् छ । तीन जीतबाट ६ अंक बटुलेको भैरहवा भने दोस्रो स्थानमा उक्लिएको छ ।

# खुकुरी प्रहार गरी एक मजदूरको हत्या




रुपन्देही (रासस)/ रुपन्देहीको शुद्धोधन गाउँपालिकामा खुकुरी प्रहार गरी एकजना मजदूरको हत्या गरिएको छ ।

उक्त घटनामा अर्को एक जना घाइते भएका छन् । वडा नं ३ बेतानीमा रहेको स-मिलमा काम गर्दै आएका पश्चिम नवलपरासीस्थित सुस्ताका अवधेश चमारको खुकुरी प्रहारबाट मृत्यु भएको रुपन्देही प्रहरी प्रवक्ता सत्यनारायण थापाले जानकारी दिए । सोमबार राति ११ बजे सोही उद्योगमा कार्यरत भारतीय मजदूर रवि सिंहले खुकुरी प्रहार गरी गम्भीर घाइते भएका अवधेशलाई बुटवलस्थित लुम्बिनी प्रादेशिक अस्पताल ल्याउँदै गर्दा बाटोमा मृत्यु भएको प्रहरी प्रवक्ता थापाले बताए ।

सिंहले खुकुरी प्रहार गरी घाइते बनाएका अवधेशका पिता गोपिचन्दको भने अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । सिंहलाई नियन्त्रणमा लिएर घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# ६ एम्बुलेन्स हन्तान्तरण

काठमाडौं (रासस)/ नेपाललाई जापान सरकारले ६ एम्बुलेन्स प्रदान गरेको छ । सोमबार आयोजित कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री उमेश श्रेष्ठलाई नेपालस्थित जापानका राजदूत किकुता युताकाले एम्बुलेन्स हस्तान्तरण गरेका छन् ।

राज्यमन्त्री श्रेष्ठले जापान सरकारले स्वास्थ्य क्षेत्रमा सहयोग गर्दै आएकामा धन्यवाद दिए । उनले कोभिड-१९ को रोकथाम र नियन्त्रण पनि जापान सरकारले सहयोग गरेकामा प्रशंसा व्यक्त गरे । उनले नेपाल र जापानबीच निरन्तर सहयोग आदानप्रदान हुनुपर्ने बताए ।

नेपालस्थित जापानका राजदूत युताकाले नेपाललाई सबै क्षेत्रमा जापानले सहयोग गर्दै आइरहेको बताए । उक्त एम्बुलेन्स मन्त्रालयले नेपाल एम्बुलेन्स सेवालाई प्रदान गरिएका छन् । एम्बुलेन्स सेवाका अध्यक्ष डा. प्रदीप वैद्यले प्राप्त एम्बुलेन्सले बिरामीलाई सेवा प्रदान गर्ने बताए । एम्बुलेन्समा प्राथमिक उपचारसहितको सेवा उनले बिरामीलाई दिइने जानकारी दिए । उनका अनुसार एम्बुलेन्समा एक इमरजेन्सी मेडिकल टेक्निसियन (इएमटी) सहितको प्राथमिक स्वास्थ्य उपचारसमेत गरिन्छ ।

"एम्बुलेन्समा राखेर अस्पतालसम्म लैजाँदा बिरामीलाई केही समस्या पर्नसक्ने भएकाले हामीले एक जना इएमटी हुन्छन्", अध्यक्ष वैद्यले भने, "ती इएमटीले बाटोमा बिरामीलाई केही समस्या परे भने उपचार गर्दछन ।"

एम्बुलेन्समा भेन्टिलेटर, अक्सिजनलगायत स्वास्थ्य साम्रगी सहितको तीन महिना तालिम प्राप्त एक जान इएमटी रहने गर्दछन् । अध्यक्ष डा वैद्यले अस्पतालसम्म लैजाँदा बिरामीलाई केही समस्या परेमा सामान्य उपचार गर्ने प्राविधिकसमेत एम्बुलेन्सलमा राखिने जानकारी दिए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4

tonerhouse_htd@yahoo.com



मकवानपुरको कुलेखानी जलाशय (इन्द्र सरोवर ताल) भरिन स्थितमा पुगेपछि ओभर फ्लो पानी बाइपास सप्लाइ गरिँदै । ताल भरिने भएपछि जलाशयको सुरुवाती भाग अर्थात् कुलेखानी हेभि नजिक निर्माण गरिएको कुलोबाट बाइपास सप्लाइ गरिन्छ । जलाशय भरिन ५० सेन्टिमिटर मात्र बाँकी भएपछि पानीको सतह घटाउन सप्ताइ गरिएको कुलेखानी प्रथम जलविद्युत आयोजनाले जनाएको छ । जलाशयमा पानीको सतह एक हजार ५ सय २९.३१ सेन्टिमिटर पुगेको छ ।

# रोपियो एक हजार पाँच सय बिरुवा

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडामा संचालित रेडियो बुलेटिन ८९.७ मेघाहर्जले बृक्षरोपण कार्यक्रम आयोजना गरेको छ ।

हेटौंडा-५ स्थित संयुक्त युवा क्लब र बुलेटिनको संयुक्त आयोजनामा बृक्षरोपण गरेको हो । हेटौंडा-५ क्याम्पाडाँडामा आँप, बाँस, तेजपात, अर्जुन, कटहर, लिचि, मसलालगायतका विभिन्न प्रजातिका एक हजार पाँचवटा बिरुवा रोपिएको हो ।



बृक्षरोपण कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका प्रमुख हरिबहादुर महतले सार्वजनिक खाली जग्गामा बृक्षरोपण गर्दै सार्वजनिक जग्गा संरक्षण गर्न सक्नुपर्ने बताए । उनले जनहितका कार्य गर्नका लागि आफूहरु लागिपर्ने प्रतिबद्धता व्यक्त गरे । प्रदेश प्रहरी कार्यालय हेटौंडाका प्रहरी नायव महानिरीक्षक प्रकाशजंग कार्कीले आफूहरुको ६६ औं स्थापनाको अवसरमा रेडियोसँग मिलेर यसरी बृक्षरोपण गर्न पाउनु सु:खद् संयोग रहेको बताए ।

कार्यक्रममा मकवानपुरका प्रमुख जिल्ला अधिकारी भरतमणी पाण्डे, जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरीक्षक सोमेन्द्रसिंह राठौर, पूरानो गोरखगण सुपारेटारका उपसेनानी मनोज पन्त, डिभिजन वन कार्यालय राप्ती मन्हरीका प्रमुख दीर्घनारायण कोइराला, डिभिजन वन कार्यालय मकवानपुरका बसन्तराज गौतम, नारायणी अंचल आयुर्वेद औषधालयका प्रमुख डा.सृष्टि श्रेष्ठ, बनस्पति अनुसन्धान केन्द्रका प्रमुख रघुरमण पराजुली, यातायात सेवा कार्यालय हेटौंडाका भक्त भण्डारी, उद्योग वाणिज्य मकवानपुरका उपाध्यक्ष कृष्णकुमार गुप्ता अग्रवाललगायतको उपस्थिति थियो ।

रेडियो बुलेटिनका प्रबन्ध निर्देशक अनिलकुमार खातीको अध्यक्षतामा कार्यक्रम भएको थियो । यसअघि पनि रेडियो बुलेटिनेले हेटौडा-११ सिमलटारमा ७ हजार बिरुवा रोपेको थियो ।

# हात्तीको आक्रमणबाट ज्यान गुमाउनेको परिवारलाई सहयोग

साझाकुरा संवाददाता

हेटौंडा/हात्तीको आक्रमणबाट मृत्यु भएका पारिवारलाई नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) मकवानपुरले सहयोग गरेको छ ।

मृतकको घरमा पुगेर पीडित परिवारलाई माओवादी केन्द्रले नगद २५ हजार रुपैयाँ सहयोग गरेको हो । मनहरी गाउँपालिका वडा नम्बर ६ जोगीताल बस्ने स्थानीय ३२ बर्षीय रामलाल जिम्बाको खेतमा आएको हात्ती धपाउने क्रममा गत भदौ २९ गते आक्रमणमा परेर मृत्यु भएको थियो ।



बागमती प्रदेश सभा सदस्य तथा माओवादी केन्द्रका बागमती प्रदेश कमिटी सदस्य ओमबहादुर ग्लानले सहयोग हस्तान्तरण गरेका हुन् । चितवन राष्ट्रिय निकुन्जबाट बारम्बार जंगली हात्ती, गैंडा, चित्तल र जरायोलगायत अन्य जीबजन्तुले सास्ती दिने गरेको स्थानीयको गुनासो छ ।

यसको लागि बहुआयामिक ड्याम (बाँध) निर्माण गर्न पहल गरिने र पार्टीले मृतक परिवारलाई सम्बन्धित क्षेत्रसँग राहतको लागि पहल गर्ने समेत प्रदेश सांसद ग्लानले बताए । अहिले पनि जंगली हात्तीले खेत बारीको बाली खान राती आइ बिहान मात्र जंगल छिर्ने गरेको अवस्थामा सबै सजग हुनुपर्ने र अप्रिय घटना हुन नदिन एक्लै एक्लै हिंड्न र धपाउन नजान स्थानीय जनसमुदायलाई अनुरोध गरे ।

कार्यक्रममा माओबादी केन्द्रका प्रदेश कमिटी सदस्य वीर बहादुर घलान (ज्वाला), जिल्ला सदस्य यदुनाथ श्रेष्ठ, मनहरी गाउँपालिका वडा नम्बर ६ का पार्टी अध्यक्ष डम्बर मुक्तान, शोभाकुमारी दोङ लगायत अन्य स्थानीय नेता तथा कार्यकर्ता र स्थानीय समुदायको उपस्थिती थियो ।

# हेटौंडामा मनाइयो पशुपंक्षी दिवस



साझाकुरा संवाददाता

हेटौंडा/'पशु कल्याण अभिबृद्धि, दिगो विकास समृद्धि' भन्ने नाराका साथ सोमबार हेटौंडामा विश्व पशुपंक्षी दिवस मनाइएको छ ।

पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय हेटौंडाको आयोजनामा दिवस मनाइएको हो । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री चन्द्र लामाले कार्यक्रमको उद्घाटन गर्दै मानवीय हिसाबले पनि जीवजन्तुको संरक्षण गर्नुपर्ने बताए ।

पशु कल्याणका लागि काम गर्नुपर्नेमा मन्त्री लामाले जोड दिए । पशु अधिकारको रक्षाका लागि सबैलाई लाग्न उनले आग्रहसमेत गरे । कार्यक्रममा मन्त्रालयका सचिव डाक्टर शरणकुमार पाण्डेले पशुपालनका क्षेत्रमा राम्रो काम गरे मात्र यो दिवसले सार्थकता पाउने बताए । अब यस क्षेत्रमा एउटा योजना बनाएर त्यस अनुसार काम गर्नुपर्ने उनको धारणा थियो ।

कार्यक्रममा पशुपंक्षी तथा मन्त्य विकास निर्देशनालयका निमित्त निर्देशक डाक्टर रामप्रकाश प्रधानले प्रस्तुतीकरण गर्दै पशुपंक्षी अधिकारका क्षेत्रमा धेरै राम्रा काम भएको बताए । पशु कल्याणका लागि भोक प्यास र कुपोषण हुन नदिने, डर, त्रास र तनाब हुन नदिने, भौतिक तथा शित तापजन्य असुविधा हुन नदिने, पीडा, घाउ, चोट र रोग ब्याधीबाट सुरक्षित राख्ने, सामान्य व्यवहार अभिव्यक्तगरी बाच्न पाउने सुविधा सुनिश्चित गर्नेलगायत काम गर्नका लागि डाक्टर प्रधानले आग्रह गरे ।

कार्यक्रममा प्रदेश दुग्ध विकास बोर्डका उपाध्यक्ष टिका बल्लब सापकोटा, सहकारी बोर्डका उपाध्यक्ष नारायण प्रसाद देबकोटा, मदनभण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका सुपेन्द्र कार्की, पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालयका सूचना अधिकारी ध्रुब डिसीलगायतको आतिथ्यता रहेको थियो ।

# चित्रेपानीद्वारा उपभोक्तालाई वन पैदावार दिँदै



साझाकुरा संवाददाता

हेटौंडा/हेटौडा-६ र १५ मा रहेको चित्रेपानी सामुदायिक वन उपभोक्ता समूहले उपभोक्ताहरुलाई सरल ढंगबाट वन पैदावार उपलब्ध गराउँदै आएको छ ।

समूहको श्रावण १५ गते सम्पन्न भएको २० औं वार्षिक साधारणसभाले उपभोक्ताहरुलाई वनपैदावार उपलव्ध गराउने निर्णय गरेको थियो । नेपाल भारत विद्युत प्रसारण तथा व्यापार आयोजना अन्तरगत संकलन भएको साल, चिलाउने खमारी, बर्रोलगायतका रुखहरु चिरान गरी उपभोक्ताहरुलाई बिक्री बितरण गरिएको समूहका अध्यक्ष सूर्यबहादुर घलानले बताए ।

कोरोना संक्रमणका कारण विगत २ वर्षदेखि वनपैदावार संकलन गर्न नसकिएको र यस वर्ष संकलन गरि डिभिजन वन कार्यालयको सहयोगमा उपभोक्ताहरुलाई विक्री वितरण गरिएको हो । समूहले हाल सम्म ९० जना उपभोक्ताहरुलाई करिव ८ सय क्यूविक फिट काठ वितरण गरिएको लेखा संयोजक भानु प्रताप विडारीले बताए ।

२ वर्षपछि काठ पाउँदा असाध्यै खुशी लागेको उपभोक्ता पूर्णमाया पौडेलले बताइन् । काठ नहुदा घर बनाउन सकेको थिइन अब ढुक्कसँग घर बनाउछु पौडेलले भनिन । पौडेल जस्ता धेरै उपभभोक्ताले काठ पाएका छन् । वनपैदावार विक्री वितरणबाट प्राप्त भएको रकमले अधुरो रहेको समूहको भवन निर्माण गर्ने योजना समूहको रहेको छ ।

यसको साथै वन व्यवस्थापन, महिला आयआर्जन समूह गठन, अवलोकन भ्रमण, सामाजिक विकासका कार्यहरु, छात्रवृति वितरण, आर्थिक सहायता लगायतमा खर्च गर्ने योजना समूहको रहेकी सचिव रजनी गौतमले बताइन् । करिव १ सय २५ हेक्टर क्षेत्रफल रहेको समूहमा ७ सय घरधुरी आवद्ध छन् ।

## साधारणसभा सम्बन्धि सूचना

यस संस्थाको सञ्चालक समितिको मिति २०७८ आश्विन १६ गते बसेको बैठकको निर्णय अनुसार संस्थाको १३ औं बार्षिक साधारणसभा तथा अधिवेशन तपसिलमा उल्लेख गरिए बमोजिम हुने भएकोले सम्पूर्ण शेयर सदस्यज्यूहरुलाई साधारण सभामा सक्रिय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं, साथै बिजया दशमी, शुभ दिपावली तथा छठ पर्व २०७८ को पावन अवसरमा सम्पूर्ण शेयर सदस्यज्यूहरु, सहकारीकर्मी तथा सम्पूर्णमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**छलफलका विषयहरु :-**

१) अध्यक्षको प्रतिवेदन सम्बन्धमा ।
२) सचिवको प्रतिवेदन सम्बन्धमा ।
३) आ.ब. २०७७/०७८ को बाह्य लेखा परिक्षण प्रतिवेदन सम्बन्धमा ।
४) आगामी बजेट सहितको कोषाध्यक्षको प्रतिवेदन सम्बन्धमा ।
५) लेखा समितिको प्रतिवेदन सम्बन्धमा ।
६) आ.व. २०७८/०७९ को लेखा परीक्षक नियुक्ति र पारिश्रमिक सम्बन्धमा ।
७) ऋण लगानी तथा असुली उप समिति र शिक्षा उप समितिको प्रतिवेदन सम्बन्धमा ।
८) बिनियम, नीति, कार्यविधिहरु अनुमोदन, संशोधन तथा पुनर्लेखन सम्बन्धमा ।
९) संस्था एकिकरण सम्बन्धमा ।
१०) निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनिधि छनौट सम्बन्धमा ।
११) पूर्ण व्यवसायिक तथा साकोस विकास (प्रोवेशन) कार्यक्रम अनुमोदन सम्बन्धमा ।
१२) सञ्चालक समिति, लेखा समिति तथा उपसमितिको सेवा सुविधा सम्बन्धमा ।
१३) सञ्चालक समिति तथा लेखा समितिको निर्वाचन सम्बन्धमा ।
१४) विविध ।

**देहाय :**
मिति:- २०७८ कार्तिक १३ गते, शनिबार
समय:- बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म
स्थान:- त्रिभुवन माध्यामिक विद्यालयको प्राङ्गण, हेटौंडा-११
सर्म्पक नं.:- ०५७-५२४७३४ (संस्था)

*नोट:- साधारण सभामा परिचय पत्रसहित स्वयम् उपस्थित हुनु हुने शेयर सदस्यज्यूहरुलाई रु.५८८/- (कर सहित) यातायात खर्च उपलब्ध गराइने छ ।*

**नवयुवा बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
हेटौंडा-११, मकवानपुर

# विद्यार्थीका लागि सात लाख सहयोग



साझाकुरा संवाददाता

हेटौंडा/विद्यार्थीको आवासीय सुविधाका लागि हेटौंडा-१९ बस्तिपुरमा रहेको निर्मल माध्यमिक विद्यालयलाई साढे सात लाख सहयोग प्राप्त भएको छ ।

विद्यालयमा अध्ययन गर्ने ३५ जना विद्यार्थीको आवासीय सुविधासहितको लागि दिगो विकासका लागि एकता नेपालले विद्यालयलाई साढे सात लाख रुपैयाँ सहयोग गरेको हो । हाल निर्मलमा ४० जना विद्यार्थीहरु पूर्ण आवासीयको सुविधासहित अध्ययनरत् छन् ।

३ वर्षे इलेक्ट्रिकल डिप्लोमा अध्ययनरत २ जनासहित कक्षा ११ मा शिक्षा तथा व्यवस्थापन संकायमा अध्ययनरत् ३५ जनाको पूर्ण आवासीय सुविधाको लागि विकासका लागि एकता नेपालले ७ लाख ५१ हजार ३ सय ६९ रुपैयाँ विद्यालयलाई सहयोग गरेको प्रमुख प्रबोध बिडारीले जानकारी दिए ।

उनका अनुसार पहिलो त्रैमासिक रुपमा रकम प्राप्त हुनेछ । विशेष गरेर राक्सिराङ गाउँ-पालिकाको राष्ट्रिय मावि सिलिङ्गेबाट एसइइ पास गरेर आएका चेपाङ तथा तामाङ विद्यार्थी ३५ जनालाई दिगो विकासको लागि एकता संस्थाले आवासीय सुविधा दिएको हो ।

संस्थाकै सहयोगमा कक्षा १० सम्मको अध्ययन यसअघि उनीहरुले पाएका थिए । निर्मल माविमा इलेक्ट्रिक डिप्लोमामा ९२ जना, कक्षा ११ मा ३ सय ५० जना र कक्षा१२ मा २ सय २० जना विद्यार्थीहरु अध्ययनरत रहेको विद्यालयका प्रिन्सिपल बिडारीले बताए ।

# कांग्रेस नवनिर्वाचित सभापतिहरुबीच छलफल

साझाकुरा संवाददाता

हेटौंडा/नेपाली कांग्रेस मकवानपुरका पदाधिकारीहरु र जिल्लाको १० वटै स्थानीय तहमा निर्वाचित कांग्रेस सभापतिहरुबीच छलफल भएको छ ।

सोमबार कांग्रेस पाटी कार्यालयमा पदाधिकारी र गत असोज ९ गते भएको गाउँ अधिवेशनबाट निर्वाचित भएका गाउँपालिका तथा नगरपालिका सभापतिहरुबीच छलफल कार्यक्रम भएको हो ।

कांग्रेस मकवानपुरका कार्यबहाक सभापति विष्णुप्रसाद लामिछानेको सभाध्यक्षतामा भएको शुभकामना आदानप्रदान तथा छलफल कार्यक्रममा नवनिर्वाचित गाउँपालिका तथा नगरपालिकाका सभापतिहरुले आगामी पाटीको कार्ययोजना र पाटी संगठन मजबुत बनाउने बारे छलफल भएको थियो ।

कार्यक्रममा जिल्ला पाटी सचिवद्वय बुद्ध लामा र आनन्द कठायत, कोषाध्यक्ष गोपीलाल विश्वकर्मा, प्रवक्ता प्रदीप कोइराला, प्रतिनिधिसभा १ का संघीय सभापति दामोदर खनाललगायतले आन्तरिक निर्वाचनमा भएको गल्ती कमजोरीलाई सच्याउँदै आगामी स्थानीय तहको निर्वाचनलाई पहिलो पाटी वन्न पाटी संगठन मजबुत बनाउने बारे आफ्नो धारणा रारेका थिए ।

कांग्रेसको १४ औ महाधिबेशनका लागि मकवानपुरमा भएको १० वटै स्थानीय तहको निर्वाचनमा कांग्रेस हेटौंडा उपमहानगर सभापति उत्सव इटेनी, थाहा नगर सभापति प्रमोद जोशी, बागमती गाउँपालिका सभापति फणिन्द्र तिमल्सिना, बकैया गाउँपालिका सभापति दिलबहादुर भोम्जन, मकवानपुरगढी गाउँपालिका सभापति राजवीर मोक्तान, भीमफेदी गाउँपालिकाका सभापति सञ्जिव श्रेष्ठ, इन्द्रसरोवर गाउँपालिका सभापति विश्व लामा, कैलाश गाउँपालिका सभापति राजेन्द्र घिसिङ, राक्सिराङ गाउँपालिका सभापति बीरेन्द्र जिम्बा र मनहरी गाउँपालिका सभापतिमा प्रकाश बर्तौला निर्वाचित भएका थिए ।

# दसैंपछि सबै विद्यालय खुल्ने निश्चित

साझाकुरा संवाददाता

हेटौंडा/दसैंपछि सबै सामुदायिक विद्यालय खुल्ने निश्चित भएको छ ।

कोरोना महामारीका कारण बन्द रहेको विद्यालयले भदौ २७ गतेबाट भौतिक उपस्थितिमा पठनपाठन सुरु भएपनि सबै विद्यालय खुल्न सकेको थिएन ।

हेटौंडा उपमहानगर भित्र रहेको ७७ वटा सामुदायिक विद्यालयका प्रधानाध्यापकसँग सोमबार बसेको उपमहानगर पालिकाको बैठकले दसैंपछि भौतिक उपस्थितिमा पठनपाठन संचालन गर्ने निर्णय भएको हेटौंडा उपमहानगरपालिका शिक्षा महाशाखा प्रमुख गंगाधर रिमालले बताए । बैठकले दसैंपछि स्वास्थ्य मापदण्ड अपनाएर सबै सामुदायिक विद्यालयमा भौतिक रुपमा पठन पाठन गर्ने निर्णय गरेको जनाइएको छ ।

कोरोनाका कारण लामो समय बन्द रहेको विद्यालयमा भर्खर भौतिक पठनपाठन हुन थालेकोले दशैपछि पठनपाठन संचालन गरिने बताइएको छ ।

उपमहानगरपालिकाले आज मंगलबार हेटौंडाका संस्थागत विद्यालयका प्रधानाध्यापकलाई बैठकका लागि बोलाएको छ ।

# चिउरी बगैंचाले फुटबल प्रतियोगिता गर्ने

साझाकुरा संवाददाता

भीमफेदी/मकवानपुरको भीमफेदी गाउँपालिका-४ मा 'सबैको मनमा खेलकुदको माया, सबै मिली गरौं यसको संरचना' भन्ने मूल नाराका साथ मंगलबारबाट फुटबल प्रतियोगिता आयोजना गरिने भएको छ ।

भीमफेदी-४ मा अवस्थित चिउरी बगैंचा युवा क्लबले विजया दशमीको अवसरमा प्रतियोगिता आयोजना गर्न लागिएको हो । प्रतियोगितामा आयोजक टिम (चिउरी बगैंचा ए र बी), भीमफेदी ए र बी, पान्द्राङ ए र बी, गुण्डिङ, टौबास र सानुटार गरी ९ वटा टिमको सहभागिता रहने छ ।

प्रतियोगितामा प्रथम हुने टिमलाई ३० केजी खसी र दोश्रो हुने टिमलाई शिल्ड दिइने आयोजकले जनाएको छ । प्रतियोगिता १९ गतेदेखि २५ गतेसम्म सञ्चालन हुनेछ ।




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती, फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

**सहज यात्राका लागि गाडी भाडामा चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला ।**
सम्पर्क: ९८४५३८९११६

## निर्माण सम्बन्धि सामाग्री खरिद गर्न हामीलाई सम्झनुहोस्

घर वा ठूला आयोजना निर्माण गर्दै हुन्छ ?



निर्माणका लागि हार्डवेयर सामाग्री एकमुष्ठ खरिद गर्न अब



हामीलाई सम्झानुहोस् । यहाँ विभिन्न कम्पनीका रड, सिमेन्ट, रंग/रोगन, वाथरुम र गाडी मर्मतका सम्पूर्ण सामाग्रीहरु सुपथ मूल्यमा उपलब्ध छ ।

**हाम्रो हार्डवेयर एण्ड सप्लायर्स**
हेटौंडा-४, कान्तिराजपथ, फोन: ०५७-५९०६४१, ९८५५०४२९६३

## घर बिक्रिमा

हेटौंडा-२ पुरानो मकवानपुर रोड कृष्ण मन्दिर भित्र आकर्षक घर बिक्रीमा रहेको हुँदा इच्छुक खरिदकर्ताहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।
**सम्पर्क: ९८४५६८७७००**

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय: हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना, हेटौंडा-१, चौकीटोल